मजदुर
The Worker Daily दैनिक
❍ ग्राहक बन्नु परेमा
❍ नवीकरण गर्नु परेमा
❍ पत्रिका नियमित नआएमा
❍ वितरकहरुसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।
मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

वर्ष : २६ ★ अङ्क : ४९ ★ ने. सं. ११४४ चिल्ला थ्व, द्वितीया ★ मङ्गलबार ★ २९ फागुन, २०८० ★ March 12, 2024, Tuesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## नेमकिपाका अध्यक्ष रोहितले इतिहासको भौतिकवादी व्याख्या गर्नुपर्नेमा जोड




भक्तपुर, २८ फागुन । इतिहास तथा संस्कृतिका अध्येता प्रा. डा. पुरुषोतमलोचन श्रेष्ठको इतिहास, संस्कृति र पुरातत्त्वसम्बन्धी पुस्तक 'अन्तरङ्गका तरङ्गहरू' सोमबार एक कार्यक्रमबिच विमोचन भएको छ । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) लगायतका विशिष्ट व्यक्तित्वहरूले पुस्तकको विमोचन गर्नुभएको हो ।

कार्यक्रममा नेमकिपाका अध्यक्ष रोहितले प्रा.डा. श्रेष्ठको पुस्तकको प्रकाशनको सन्दर्भ राख्दै यस्ता पुस्तकहरू विश्वविद्यालय, पुरातत्त्व विभाग तथा प्रज्ञा प्रतिष्ठानहरूले प्रकाशन गर्नुपर्थ्यो भन्नुभयो । उहाँले प्रज्ञा प्रतिष्ठान, पुरातत्त्व विभागले इतिहास तथा संस्कृतिका पुस्तकहरूको प्रकाशनमा सक्रियता देखाउनुपर्ने भन्दै त्यसो नगरेका संस्था तथा सरकारहरूले लज्जाबोध गर्नुपर्ने भनाइ राख्नुभयो ।

लेखक पुरुषोत्तमलोचन श्रेष्ठलाई धन्यवाद एवम् बधाई दिँदै अध्यक्ष रोहितले लेखक श्रेष्ठको योगदान खेर नजाने विचार राख्नुभयो । उहाँले लेखक श्रेष्ठले हालसम्म उपलब्ध सामग्रीको आधारमा पुस्तक लेख्नुभएको चर्चा गर्दै अध्ययन तथा अनुसन्धान गर्दै जाने हो भने नयाँ नयाँ प्रमाणहरू भेटिने र नयाँ नयाँ तथ्यहरू खुल्दै जाने भनाइ राख्नुभयो ।

नेमकिपाका अध्यक्ष रोहितले इतिहासको भौतिकवादी व्याख्या गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले शासकहरूले धर्मलाई हतियारको रूपमा प्रयोग गर्दै आएको भन्दै संरा अमेरिकामा एकजना कालाजातिको नागरिकको हत्याको कारण चारैतिरबाट विरोध भएपछि तत्कालीन राष्ट्रपति ट्रम्पले बाइबल समातेको तस्बिर सार्वजनिक गराएको बताउनुभयो । उहाँले इजरायल र प्यालेस्टिनबिच धर्मकै नाममा युद्ध लडाएको भन्दै रामायण तथा महाभारतलाई इतिहासको रूपमा लिन नहुने भनाइ राख्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले डा. पुरूषोत्तमलोचन श्रेष्ठद्वारा लिखित इतिहास, संस्कृति र पुरातत्त्वसम्बन्धी अनुसन्धानमूलक लेखहरूको सङ्ग्रह 'अन्तरङ्गका तरङ्गहरू' भक्तपुरका सम्पदाबारे अध्ययन गर्न चाहने विद्यार्थीहरूको लागि अत्यन्त महत्त्वपूर्ण हुने बताउनुभयो ।

उहाँले भन्नुभयो, "डा. श्रेष्ठले भक्तपुरका धेरै सम्पदाहरूको अध्ययन अनुसन्धान गर्नुभयो । कतिपय किंवदन्तीको रूपमा, सुनिरहेका सम्पदाहरूका बारेमा प्राप्त प्रमाणहरूको अध्ययन अनुसन्धान गरी सत्यतथ्य सार्वजनिक गर्नुभयो । जीवनका महत्त्वपूर्ण समय उहाँले अध्ययन अनुसन्धानमा खर्च गर्नुभयो । 'अन्तरङ्गका तरङ्गहरू' उहाँको पसिनाको सङ्ग्रह हो । पसिनाको मूल्य हुँदैन । यो अमूल्य ग्रन्थ हो ।"

"हामीले सिन्धुघाँटी र हरप्पा सभ्यताबारे अध्ययन गर्छौं । आजभन्दा ४ हजार वर्ष पहिलेका बासिन्दाहरूले उपभोग गरेका वस्तुहरू, निर्माण गरेका संरचनाहरूबारे बुझ्छौँ । मोहन्जोदारोमा उत्खनन गरेर प्राप्त गरेका धातु र प्रस्तर मूर्तिहरूको अध्ययनले तत्कालीन मानिसहरूको उत्कृष्ट कलाकारिताबारे जानकारी दिन्छ । नगर सभ्यताको विकास, अग्ला अग्ला घरहरू, त्यहाँका मानिसहरूको जनजीवन बुझ्न मद्दत गरेको छ ।", उहाँले भन्नुभयो ।

उहाँले भन्नुभयो, "भक्तपुर नगरपालिकाले थंथु दरबार निर्माण गर्दै छ । त्यसबारे पुरातत्त्व विभाग, संस्कृति मन्त्रालयसँग पनि समन्वयमा रही काम गर्दै छौँ । केही समयअघि मात्रै पुरातत्त्व विभागका निर्देशक, युनेस्को प्रतिनिधिहरू आएर अध्ययन गर्नुभयो । ठाउँठाउँमा खाल्डो खनेर उत्खनन गरी प्राप्त वस्तुहरू परीक्षणको लागि लिएर जानुभयो । अहिले निर्माणको लागि अघि बढ्न सल्लाह दिनुभयो । अब निर्माणले गति लिन्छ ।"

उहाँले भन्नुभयो, "लिच्छविकालीन

***बाँकी पृष्ठ ८ मा***

## महिला राजनीतिकरूपमा सचेत भए समाज सही मार्गमा डोरिने



कञ्चनपुर, २८ फागुन । नेपाल मजदुर किसान पार्टी कञ्चनपुर जिल्ला समितिको आयोजनामा 'केटीहरू' बुलेटिनबारे सोमबार अध्ययन गोष्ठी भयो ।

उक्त गोष्ठीमा नेमकिपाका केन्द्रीय सदस्य एवं नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय अध्यक्ष अनुराधा थापामगरले महिला राजनीतिकरूपमा सचेत भए समाज सही मार्गमा डोरिने र हाम्रा आधा समस्या समाधान हुने बताउनुभयो । उहाँले भन्नुभयो, "गोरू ब्याउँछ भन्नु र सरकार अनि शासक दलहरूले जनताको सेवा गर्छ भनी पत्याउनु उस्तै हो ।"

"बोली र व्यवहार एउटै गर्ने राजनीतिक पार्टीलाई हामी आफ्नो मित्र ठान्छौँ", उहाँले भन्नुभयो ।

केन्द्रीय अध्यक्ष थापामगरले नेक्रामसङ्घले बलात्कारी, भ्रष्टाचारी, मानव तस्करहरूलाई फासीको माग गरिरहेको तर अरू महिला सङ्गठनहरूले बलात्कारीलाई जोगाउने कुरा गरिरहेका छन् भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले समाज परिवर्तनको लागि महिलाको भूमिका धेरै भएको धारणा राख्दै समस्या समाधानको लागि सङ्घर्ष आवश्यक भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "शारीरिक श्रम र बौद्धिक श्रम गरेर खानेहरू मजदुर नै हुन्, शारीरिक र बौद्धिक श्रमबिचको विभेद अन्त्य गर्नुपर्छ ।"

नेमकिपा कञ्चनपुरका रमेशकुमार रावलले पुँजीवादी व्यवस्थाविरूद्ध सङ्घर्ष नगरेसम्म जनताले सुख नपाउने उल्लेख गर्दै समाजवादी क्रान्ति स्थापना नभएसम्म परिवर्तन सम्भव छैन भन्नुभयो ।

नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका केन्द्रीय अध्यक्ष प्रकाश गुरूङले हाम्रो भविष्य उज्ज्वल बनाउन हामी आफै सङ्घर्षमा होमिनु जरूरी रहेको बताउनुभयो ।

विश्वका क्रान्तिकारी महिलाहरूको योगदानलाई बिर्सन नहुने चर्चा गर्दै उहाँले अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको उपादेयताबारे जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "नेक्राविसङ्घ निःशुल्क र अनिवार्य वैज्ञानिक शिक्षाको लागि सङ्घर्षरत छ ।"

खवप बहुप्राविधिक अध्ययन संस्थानका उपप्राध्यापक रविना सुवालले स्वास्थ्यबारे ख्याल राख्नुपर्ने र नियमित स्वास्थ्य परीक्षण गराउनुपर्ने बताउनुभयो ।

दलबहादुर बोहराको सभापतित्वमा भएको उक्त कार्यक्रममा बलदेव पनेरू, मिनु गिरी, लक्ष्मण रोकाया, सीताराम राना, तारा भट्ट, ज्योति बडुवाल, परमानन्द भट्ट, विन्दु बोहोरालगायतले बोल्नुभएको थियो ।

सवारी साधन व्यवस्थापनका लागि अनुरोध

➢ काठमाडौं उपत्यका प्रवेश गर्ने र बाहिरिने लामो तथा मध्यम दुरीका बसहरु गोंगबुस्थित नयाँ बासपार्क वा तोकिएका अन्य स्थानबाट ओराल्ने र चढाउने गरौं।
➢ सवारी व्यवस्थापनमा तोकिएका नियम पूर्ण रुपले पालना गरौं।
➢ शहरी क्षेत्रका तोकिएका स्थानमा मात्र यात्रुबाहक सवारी साधन रोक्ने, यात्रु चढ्ने र ओर्लने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## श्रमिक महिला दिवस 'केटीहरू' बुलेटिन अन्तरक्रिया गरी मनाइयो

दैलेख, २८ फागुन । नेपाल क्रान्तिकारी महिला सङ्घ डुङ्गेश्वर गाउँ समितिको आयोजनामा ११४ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा 'केटीहरू' बुलेटिनको अन्तरक्रिया कार्यक्रम भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य नर्मा गुरुङले अन्तरक्रियाले कामदारवर्गका महिलाहरूको राजनैतिक र सैद्धान्तिक स्तर उठाउन सहयोग हुने बताउँदै अध्ययन र अन्तरक्रियालाई जोड दिनुपर्छ भन्नुभयो ।

उहाँले नेपाली कामदारवर्गका महिलाहरूलाई वर्गीय मुक्ति दिलाउनु नै नेक्रामसङ्घ र पार्टीको उद्देश्य हो भन्नुभयो ।

नेमकिपा जिल्ला समितिका अध्यक्ष जगत वलीले अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसबारे प्रकाश पार्दै हरेक वर्ष विश्वका कामदारवर्गका महिलाहरू शोषणबाट मुक्त हुन यो दिवस मनाउँदै आएको बताउनुभयो । नेमकिपा जिल्ला सदस्य हस्त घले, नेमकिपा डुङ्गेश्वरका अध्यक्ष हीरामणी न्यौपाने, डुल्लु नपा वडा नं. १२ का पार्टी वडा अध्यक्ष खड्कप्रसाद दाहाल, नेक्रामसङ्घ डुङ्गेश्वरका खगीसरा रेग्मी र देवी रेग्मीले पनि बोल्नुभएको थियो ।


त्यस्तै नेपाल क्रान्तिकारी महिला सङ्घ, महाबु गाउँपालिका समितिको आयोजनामा ११४ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस शुक्रबार सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका पूर्व जिल्ला उपाध्यक्ष एवं सल्लाहकार समितिका सदस्य बमबहादुर सिंहले ८ मार्चको दिन विश्वका श्रमजीवी महिलाहरूले समान कामको समान ज्याला, ८ घण्टा कामको लागि सङ्घर्ष गरेको दिनलाई स्मरण गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेमकिपा जिल्ला सदस्य लक्ष्मीकुमारी सिंहले जबसम्म कामदारवर्गका महिलाहरू आफ्नो अधिकारको लागि लड्दैनन् तबसम्म मुक्तिको आशा गर्नु आकाशको फलजस्तै हुने बताउनुभयो ।

कार्यक्रममा नेमकिपा महाबुका कोषाध्यक्ष भगिराम थापा, नेक्रामसङ्घ महाबुका उपाध्यक्ष गीता थापामगर, नेमकिपा महाबुका सदस्य झुमा थापामगर, दिलबहादुर थापामगर, जमुना थापामगर, नेक्राविसङ्घका प्रकृति थापामगरले बोल्नुभएको थियो ।

कार्यक्रममा केटीहरू अङ्क १५ को अन्तरक्रिया भएको थियो । कार्यक्रमको सभापतित्व राजकुमारी डाँगीले गर्नुभएको थियो ।



काँचो माटोबाट हामीले के कस्तो आकारको सामान बनाउन सकिन्छ भन्ने विषयमा प्रभात इङ्गलिस माध्यमिक विद्यालयका विद्यार्थीहरू सोमबार अवलोकन भ्रमण गर्दै । *तस्बिर : मजदुर दैनिक*

# सार्वजनिक विद्यालयको उत्थान गर्न आ–आफ्नो क्षेत्रबाट सहयोग गर्नुपर्ने

भक्तपुर, २८ फागुन । भीम आदर्श आधारभूत विद्यालयको ६१ औँ वार्षिकोत्सव सोमबार सम्पन्न भएको छ ।

समारोहको उद्घाटन गर्दै भक्तपुर नगरपालिका वडा नं. ८ का वडाध्यक्ष कृष्णप्रसाद कोजुले नेपाल मजदुर किसान पार्टीका अग्रजहरूले किसान, मजदुर, विद्यार्थी, शिक्षक, बुद्धिजीवीसमेतका समाजसेवीहरूको साथ लिएर भक्तपुर नगरमा सफाइ आन्दोलनको गरेको स्मरण गराउनुभयो ।

भीम आदर्श आधारभूत विद्यालय पनि प्रगतिको बाटोमा लम्किरहेको विचार व्यक्त गर्दै उहाँले आफू बाहिरी जिल्लाहरूमा जाँदा भक्तपुर 'मोडल' को रूपमा विकास भइरहेको प्रसङ्गको स्मरण गराउनुभयो ।

नेक्राशिसङ्घघ भक्तपुर जिल्ला समितिका अध्यक्ष गणेशराम थुसाले विद्यालयलाई अहिले दिइराखेको सरकारी सुविधालाई सक्दो सदुपयोग गरी समुदायको थप साथ र सहयोगबाट सार्वजनिक विद्यालयहरूको उत्थान गर्न आ–आफ्नो क्षेत्रबाट लगानी गर्न आवश्यक रहेको बताउनुभयो ।

शिक्षाप्रेमी हिमालयश्वरलाल मूलले विभिन्न प्रविधिबाट बच्चाहरूलाई घर र विद्यालयमा सिकाउन सकिने विषय औँल्याउँदै जागिरे मनोवृत्तिले होइन विद्यालयमा आफ्नो अपनत्वको भावना जगाउन सके अझ राम्रो हुने बताउनुभयो ।

अर्का शिक्षासेवी उद्धव सुजखुले घर बलियो बनाउन जग राम्रो चाहिएजस्तै राम्रो र असल शिक्षाले विद्यार्थीको जीवनको आधार तयार पार्छ; शिक्षाको जग कमजोर भयो भने जीवन पनि कमजोर घर भत्किएझैँ निरर्थक हुने हुँदा सबै सचेत हुनुपर्छ भन्नुभयो ।

आधारभूत विद्यालय समितिका सचिव एवम् हंसबाहिनी आ.वि.का प्रअ सूर्यबहादुर फौँजुले विद्यालयमा भर्ना गरेर मात्रै अभिभावकको कर्तव्य पूरा हुँदैन, आफ्ना बालबालिकाहरूका आधारभूत आवश्यकताहरू पूरा गर्न जोड दिनुपर्छ भन्नुभयो ।

दीपिका गुप्ताले स्वागत गरेको उक्त समारोहमा शिक्षिका पूजा दाहाल र अभिभावक लीला भुजेलले पनि शुभकामना मन्तव्य दिनुभएको थियो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जितेन्द्र खायमलीको सभापतित्वमा भएको उक्त समारोहमा विद्यालयका प्र.अ. दीपक माकले विद्यालयको प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा अतिरिक्त क्रियाकलापमा विजयी विद्यार्थी, २०७९ सालमा कक्षागत परीक्षामा उत्तीर्ण प्रथम, द्वितीय र तृतीय भएका, खेलकुद प्रतियोगितामा विजयी विद्यार्थी तथा सफासुघर भएर आउने विद्यार्थीहरू पुरस्कृत भएका थिए ।

# साहित्यकार लामाको 'स्मृतिका बिम्बहरू' विमोचन

काठमाडौँ, २८ फागुन । साहित्यकार राम लामा 'अविनाशी' द्वारा लिखित नियात्रासङ्ग्रह 'स्मृतिका बिम्बहरू' विमोचन गरिएको छ । लामो समयदेखि प्रवासमा रहेर नेपाली साहित्य क्षेत्रको विकासमा क्रियाशील अविनाशीद्वारा लिखित उक्त कृतिको सोमबार यहाँ आयोजित कार्यक्रममा प्रा. डा. खगेन्द्रप्रसाद लुइँटेलले विमोचन गर्नुभयो ।

यसअघि 'पिल्सिएको परदेशी मन' र 'सुगन्धित माटो' कृति लेखिसक्नुभएका साहित्यकार अविनाशीको आज विमोचन गरिएको नियात्रासङ्ग्रह तेस्रो कृति हो । उक्त कृतिमा विभिन्न देशका विभिन्न व्यक्ति र घटनाहरूसँग सम्बद्ध रोचक संस्मरण सङ्ग्रहित छन् । साहित्यकार लामाका मेरो बदनाम गर्न खोज्यौ, चङ्गा सरी, काठमाडौँ सहर, म तिम्रो परदेशी, आफ्नो बन्न नसकेको, विरक्तिँदा खानी खोश्री, आफू गयौँ नेटो काटी, सिक्किमेली नानी, बारुले कम्मर, मिलिजुली, क्यार्यौं कुन्नी जस्ता आधुनिक गीतहरू श्रव्यदृश्य प्रकाशित भइसकेका छन् ।

सुरभी साहित्य प्रतिष्ठानद्धारा आयोजित कार्यक्रममा बोल्दै प्रा. डा. लुइँटेलले नेपाली साहित्य क्षेत्रको विकासमा राम लामाले खेल्नुभएको भूमिका सराहनीय रहेको बताउनुभयो ।

"आफ्नो व्यापार व्यवसायबाट आम्दानी गरेको रकम साहित्य क्षेत्रमा लगानी गर्नु नेपाली साहित्य क्षेत्रका लागि गर्वको कुरा हो", उहाँले भन्नुभयो । उक्त कृतिमा आप्रवासको झल्को पाइएको उहाँको भनाइ थियो । प्रा. डा. लुइँटेलले कृति सरल र पठनीय रहेको उल्लेख गर्नुभयो ।

पुस्तकको समीक्षा गर्दै नेपाल सरकारका पूर्वसचिव एवं समालोचक गोपी मैनालीले प्रवासमा रहेर नेपाली साहित्य, सङ्गीत र समाज सेवामा समर्पित व्यक्ति साहित्यकार लामा भएको बताउनुभयो । साहित्य मनका वेदना पोख्न लेखिने गरेको उहाँको भनाइ छ । "पुस्तकमा विभिन्न क्षेत्रको वर्णन गरिएको छ, पुस्तक घटना, कथा, आख्यान, यात्रा सबैलाई समेटेको छ, उक्त कृति म पात्रमा आधारित भएर लेखिएको छ", उहाँले भन्नुभयो ।

व्यवसायका साथ सिर्जना गर्ने, यात्राका साथ जीवन खोज्ने, जीवनको सार्थकता सेवा र समर्पणमा देख्ने र सबै परिवेशमा नेपाली पहिचान खोज्ने प्रवृत्तिले उनलाई छुट्टै पहिचानमा उल्लेख गरेको समालोचक मैनालीले बताउनुभयो । उहाँले पुस्तकको भाषाशैली सरल रहेको बताउनुभयो ।

वरिष्ठ समालोचक एवम् पूर्वप्रशासक युवराज मैनालीले स्मृतिका बिम्बहरू विमोचनसँगै नेपाली साहित्यमा नयाँ इँटा थपिएको बताउनुभयो । लेखकको मन नेपालमा र भौतिक शरीर अमेरिकामा भएको उहाँको भनाइ थियो । समालोचक मैनालीले किताब सरल र सहज भएको बताउनुभयो । उहाँले कृति पठनीय भएको उल्लेख गर्नुभयो ।

वरिष्ठ समालोचक लीला लुइँटेलले संस्मरण लेख्ने काम सारै गाह्रो भएको भन्दै नयाँ कृतिका लागि लेखकलाई धन्यवाद दिनुभयो । पछिल्लो समय संस्करण लेख्ने चलन फस्टाउँदै गएको उहाँको भनाइ थियो । सुरभी साहित्य प्रतिष्ठानका अध्यक्ष बाजुराम पौडेल, वरिष्ठ पत्रकार एवं साहित्यकार विजय चालिसे, वरिष्ठ पत्रकार प्रदीप चापागाइँ, दायित्व वाङ्मय प्रतिष्ठानका अध्यक्ष रामप्रसाद पन्त, नेपाल चलचित्र क्षेत्रका निर्देशक आकाश अधिकारी, वरिष्ठ पत्रकार तारा बराल, लेखक केनी पाण्डेलगायतले प्रवासमा बसेर नेपाली साहित्य क्षेत्रको विकासमा साहित्यकार अविनाशीले पुऱ्याउनुभएको योगदान सबैका लागि उदाहरणीय रहेको बताउनुभएको थियो ।

साहित्यकार लामाले डा. एपिजे अब्दुल कलाम इन्टरनेशनल अवार्ड २०२२, रारा राष्ट्रिय म्युजिक अवार्ड २०२२, हिमालयन इन्टरनेशनल जुरी अवार्ड २०२३ लगायतका उत्कृष्ट अवार्ड तथा सम्मानपत्र र पुरस्कार प्राप्त गरिसक्नुभएको छ । उहाँले अनेसास राम लामा अविनाशी विशिष्ट प्रतिभा पुरस्कार तथा कविडाँडा अविनाशी उत्कृष्ट पुरस्कारको प्रायोजन समेत गर्नुभएको छ ।

# 'सवारी दुर्घटना' मा एकको मृत्यु

**– दिपेन मानन्धर (प्रशिक्षार्थी)**

भक्तपुर, २८ फागुन । २७ गते राती १२ बजेर ४३ बजेको समयमा जिल्ला भक्तपुर सूर्यविनायक नगरपालिका वडा नं. ५ चुनदेवी आकासे पुलनजिकै सूर्यविनायकबाट सल्लाघारीतर्फ जाँदै गरेको बागमती प्रदेश ०२-०३२ प. ३३१३ नं. को मोटरसाइकल आफैँ अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकल पछाडि सवार गरिरहेका काभ्रे जिल्ला बनेपा नगरपालिका वडा नं. ७ धनेश्वर बस्ने वर्ष ४० को मणिराज घिमिरे गम्भीर घाइते भई उपचारको लागि मध्यपुर अस्पताल ठिमी लगेकोमा उपचारकै क्रममा राति ०१:४५ बजेको समयमा मृत्यु भएको छ । घटनास्थलमा प्रहरी वृत जगाती भक्तपुरबाट अनुसन्धान अधिकृत सहितको प्रहरी टोली खटिई गई प्रारम्भिक अनुसन्धान कार्य गरिएको प्रहरीले जनाएको छ । मोटरसाइकल चालक जिल्ला रामेछाप मन्थली नगरपालिका वडा नं. ४ घर भई हाल जिल्ला काभ्रेपलान्चोक जोरपाटी बस्ने वर्ष ३७ को विनोदप्रसाद घिमिरेलाई प्रहरी वृत्त जगातीको नियन्त्रणमा राखिएको बताइएको छ । घटनाको सम्बन्धमा थप अनुसन्धान कार्य भई रहेको महानगरी प्रहरी परिसर जगाति वृतले जनाएको छ ।

# तेस्रो चितवन जिल्ला सम्मेलन तयारी समिति गठन

चितवन, २८ फागुन । नेपाल मजदुर किसान पार्टी चितवनको जिल्लास्तरीय भेलाले सोमबार हरिप्रसाद दुवालको संयोजकत्वमा तेस्रो जिल्ला सम्मेलन तयारी समिति गठन गर्यो ।

भेलामा नेमकिपाका केन्द्रीय सदस्य हरिसुन्दर बासीले पुँजीवादी विभेदविरूद्ध महिला आन्दोलनबाट सुरू भएको महिला दिवस अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस हो भन्नुभयो ।

बोल्सेभिक अक्टोबर क्रान्तिबाट सोभियत सङ्घ स्थापना भएपछि मात्र बेलायती महिलाहरूले मताधिकार पाएको चर्चा गर्दै उहाँले समाजवादी व्यवस्थामा मात्र वर्गभेद, लिङ्गभेद, जातिभेद र रङ्गभेद अन्त्य हुन्छ भन्नुभयो ।

पुँजीवादी व्यवस्थामा कारखानाको विकाससँगै एकत्रित मजदुरहरू सङ्गठित हुने मौका मिल्ने कम्युनिस्ट घोषणा पत्रमा उल्लेख भएको चर्चा गर्दै उहाँले देशको मजदुर आन्दोलनबाट पनि नयाँ पुस्ता सङ्गठित हुनेछ भन्नुभयो ।

नेमकिपा चितवनका अध्यक्ष हरिप्रसाद दुवालले नेपालमा कामदारवर्गको शासनसत्ता स्थापना गर्न नेमकिपा सङ्घर्षरत छ भन्नुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय सदस्य लक्ष्मी चेपाङले चेपाङलगायत पछाडि परेको समुदाय उठाउन व्यक्तित्व विकासमा समान अवसर दिनुपर्छ भन्नुभयो ।

भेलामा नेमकिपा चितवनका सचिव ज्ञानेन्द्र चेपाङ, नेमकिपा इच्छाकामनाका संयोजक पदम थापामगर, नेमकिपा रत्ननगरका संयोजक विष्णु शर्मा, नेक्रा मजदुर सङ्घका राजकुमार श्रेष्ठ, नेक्राविसङ्घका अर्जुन चेपाङ, नेक्रा महिला सङ्घका सुमित्रा महत्तो र मोहन चेपाङले शुभकामना मन्तव्य दिनुभयो ।

# घुससहित दुई प्रहरी पक्राउ

काठमाडौँ, २८ फागुन । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रहरी चौकी, कान्तिबजार महोत्तरीका इञ्चार्ज र वरिष्ठ हबल्दारलाई घूस रकमसहित पक्राउ गरेको छ । व्यक्तिले 'लिज' मा लिई भोगचलन गर्दै आएको जग्गामा खेतीपाती तथा व्यवसायमा बाधा-अवरोध गरेको विषयमा सेवाग्राहीसँग घूस माग्दै गरेको अवस्थामा आयोगले पक्राउ गरेको हो । महोत्तरी जिल्ला अदालतबाट भएको फैसला कार्यान्वयन नगर्नका लागि छलफल गराउने भनी सेवाग्राहीसँग प्रहरी सहायक निरीक्षक शर्माप्रसाद यादव र वरिष्ठ हवल्दार मन्जितकुमार झाले रु. २० हजार लिँदै गरेको अवस्थामा आयोगको टोलीले पक्राउ गरेको थियो ।

गौशाखा नगरपालिका-१२ गौरीटोलबाट पक्राउ परेका दुवैजनामाथि थप अनुसन्धान भइरहेको आयोगका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिनुभयो । रासस

# बाजुराको जुगाडा केन्द्रबिन्दु भएर भूकम्प

काठमाडौँ, २८ फागुन । बाजुरा जिल्लाको जुगाडा केन्द्रविन्दु भएर भूकम्प गएको छ । राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्र लैनचौरका अनुसार सोमबार साँझ चार बजेर ५७ मिनेट जाँदा बाजुराको जुगाडा आसपास केन्द्रबिन्दु भएर चार दशमलव तीन रेक्टरस्केलको भूकम्प गएको हो । पछिल्लो समय नेपालको पश्चिमी क्षेत्रमा भूकम्प जाने क्रम जारी छ । नेपालको हिमालय क्षेत्रलाई भूकम्पको जोखिमको क्षेत्रका रुपमा लिने गरिन्छ । रासस

# बसको ठक्करबाट घाइते ट्राफिक प्रनानी खत्रीको मृत्यु

काठमाडौँ, २८ फागुन । कोटेश्वरमा जुनेली यातायातको बसको ठक्करबाट गम्भीर घाइते हुनुभएका ट्राफिक प्रहरी नायब निरीक्षक टोपहादुर खत्रीको मृत्यु भएको छ । यही फागुन २० गते जुनेली यातायातको प्रदेश-३-०१-००५ ख ९७५५ नम्बरको बसको ठक्करबाट गम्भीर घाइते खत्रीको माइतीघरस्थित अन्नपूर्ण न्यूरो अस्पतालमा उपचारको क्रममा मृत्यु भएको काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता तथा प्रहरी वरिष्ठ उपरीक्षक जीवनकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "जुनेली यातायातको बसको ठक्करबाट उहाँ गम्भीर घाइते भएर अन्नपूर्ण न्यूरो अस्पतालमा भर्ना हुनुभएका उहाँको हिजो उपचारका क्रममा मृत्यु भएको छ । दुर्घटना गराउने बसका चालक नवराज गिरी प्रहरी नियन्त्रणमा छन् ।" बसका चालक गिरीलाई प्रहरीले 'सवारी ज्यान' सम्बन्धी कसूरमा अनुसन्धान गरिरहेको र खत्रीको मृत्यु भएपछि अब सोहीअनुसारको मुद्दा प्रक्रिया अगाडि बढ्ने प्रवक्ता श्रेष्ठले बताउनुभयो । रासस

# शेर्पा समुदायले ग्याल्पो ल्होसार मनायो

**– रञ्जु गुरुङ (प्रशिक्षार्थी)**

काठमाडौँ, २८ फागुन । काठमाडौँमा सोमबार शेर्पा समुदायको एक महत्त्वपूर्ण सांस्कृतिक पर्व जसलाई 'ग्याल्पो ल्होसार' भनिन्छ । शेर्पाहरू देश र विदेशमा विभिन्न कार्यक्रमहरूमा सहभागी हुँदै छन् । फागुन शुक्ल प्रतिपदामा शेर्पा समुदायले ग्याल्पो ल्होसार मनाउँछ । यो उनीहरूको नयाँ वर्षको पर्व हो ।

शेर्पा समुदायले मुसा, गाई, बाघ, खरायो, ड्रागन (मेघ), सर्प, घोडा, भैँडा, बाँदर, चरा, कुकुर र बराह गरी १२ वर्गमा विभाजन गरेको छ । यी जनजातिहरूमा फागुन शुक्ल प्रतिपदादेखि पूर्णिमासम्म ग्याल्पो ल्होसार मनाइएको छ ।

ग्याल्पो ल्होसार, भोटका नवौँ राजा उदे गुङ्गयालका पालादेखि वसन्त पर्वको नाममा मनाइएको हो । यो पर्व विगतमा हिमाली जिल्लामा मात्रै मनाइएको थियो । तर, अब यो देश भरिबाट फैलिएको छ । शेर्पा समुदायको उपस्थिति भएका सबै जिल्लामा धूमधामसाथ यो पर्व मनाइएको छ ।

# डुडुवामा औलोको घरधुरी सर्भेक्षण

खजुरा (बाँके), २८ फागुन । बाँकेको नरैनापुर गाउँपालिका औलो रोगबाट बढी प्रभावित भएको छ । पछिल्लो समय त्यहाँ औलोका बिरामी वृद्धिभएपछि उच्च सतर्कतासमेत अपनाइएको छ ।

चालु आर्थिक वर्षको साउनदेखि माघ मसान्तसम्म नरैनापुरमा ८० औलोका बिरामी भेटिएको स्वास्थ्य कार्यालय बाँकेका कीटजन्य रोगका 'फोकल पर्सन' दुर्गा गौतमले जानकारी दिनुभयो । यस क्षेत्रमा महिनौँदेखि औलोका बिरामी थपिँदै गएकाले पालिकाको समन्वयमा रगत परीक्षण, कीटनाशक झुल वितरण र सचेतनामूलक अभियान सञ्चालन गरिएको उहाँले बताउनुभयो ।

उहाँका अनुसार पालिकाका सबै घरमा कीटनाशक झुल वितरण गरिएको र गर्भवतीलाई विशेष सावधानी अपनाइएको छ । चालु आ.व. २०८०/०८१ को साउनदेखि माघसम्म नेपालगञ्ज उपमहानगरपालिका, डुडुवामा र राप्तीसोनारी गाउँपालिकामा पाँच/पाँच जना, बैजनाथ गाउँपालिकामा एक जनामा औलोका बिरामी भेटिएको फोकल पर्सन गौतमले बताउनुभयो । जिल्लाका बाँके कोहलपुर नगरपालिका, खजुरा र जानकी गाउँपालिकामा औलोका बिरामी शून्य छन् ।

औलोका बिरामी देखिएका पालिकामा विशेष निगरानी गरिएको छ । रोग नियन्त्रण तथा व्यवस्थापनका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको सहयोगमा स्वास्थ्य कार्यालय र स्थानीय तहको संयुक्त पहलमा कीटनाशक झुल वितरण र जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको छ ।

यसैगरी बाँकेको डुडुवा गाउँपालिकामा औलो रोग पुष्टि भएपछि उच्च सतर्कता अपनाइएको छ । डुडुवा-४ शाहपुर्वा र मोल्हुपुर्वा गाउँका एक महिला र एक पुरुषमा औलो रोग पुष्टि भएको पालिकाका स्वास्थ्य शाखा प्रमुख हेमन्त शर्माले बताउनुभयो ।

उहाँका अनुसार स्थानीय दुई जनामा औलोको लक्षण देखिएपछि रगतको (आरडिटी र माइक्रोस्कोपिक) परीक्षण गर्दा औलो रोग पुष्टि भएको हो । दुई जनामा औलो देखिएपछि पालिकाले वडा नं ४ अन्तर्गतका टोलमा घरधुरी सर्भेक्षण सुरु गरेको जनाएको छ ।

तीन जनाका दरले चार वटा समूहमा १२ जना स्वास्थ्यकर्मी परिचालन गरी घरधुरी सर्भेक्षणसँगै स्वास्थ्य शिक्षा, परामर्श र जानकारी दिने कार्य भइरहेको स्वास्थ्य शाखा प्रमुख शर्माले बताउनुभयो । स्थानीयलाई ज्वरोलगायतका सामान्य लक्षण देखिनेबित्तिकै नजिकको स्वास्थ्य संस्थामा रगतको नमुना परीक्षण गर्न लगाइएको छ । सबै स्वास्थ्य संस्थामा रगत परीक्षणको कार्य नि:शुल्करूपमा व्यवस्था गरिएको छ ।

पालिकाले घरधुरी सर्भेक्षणपश्चात् रोगबाट बच्नका लागि नि:शुल्क कीटनाशकयुक्त झुल वितरण गर्ने पालिका अध्यक्ष नरेन्द्रकुमार चौधरीले बताउनुभयो । अध्यक्ष चौधरीले भन्नुभयो, "पालिकाका केही वडामा औलो रोग भेटिएको छ, हामीले थाहा पाउनैबित्तिकै स्वास्थ्यकर्मी परिचालन गरी व्यवस्थापन गरिरहेका छौँ, उक्त रोगविरुद्ध हामी उच्च सतर्कता अपनाएका छौँ ।" ***रासस***

# वैदेशिक रोजगारीभन्दा आफ्नै व्यवसाय फलदायी

**- शिक्षा कपाली (प्रशिक्षार्थी)**

हालसालै ३ वर्ष डुबई (म्गदबष) मा काम गरेर फर्केका ३० वर्षीय रामकृष्ण पोखरेल भन्छन्, वैदेशिक रोजगारभन्दा आफ्नै देशमा आफ्नो व्यवसाय फलदायी छ । २६ वर्षको उमेरमा घरको आर्थिक स्थिति सुधार्न विदेश गएका पोखरेल नेपाल फर्केर आफ्नै गाउँघरमा कुखुरा र तरकारी खेती तथा व्यवसाय सुरू गरेका छन् । उनी भन्छन्, अरूको निरीक्षणमा रहेर दिनको १०/१२ घण्टा खटेर काम गर्नुभन्दा घरपरिवारको साथमा सँगै बसेर दु:खसुख सँगै सहेर काम गर्दा खुसी र आनन्दको महसुस हुन्छ । विदेशी रोजगारमा परिवारलाई दु:खको छनक नदिई मेहनत गर्नुपर्दा आफ्नो गाउँघरमा रहेको परिवारको याद आउँछ ।

नेपाल फर्केको केही हप्तामै उनले गाउँघरमा खोजीनीति गरेर त्यहाँ चाहिने मुख्य तरकारीको साथै कुखुरापालनको व्यवसाय सुरू गरे । सँगै बस्ने ४५ वर्षीय माइली पोखरेल भन्छिन्, यो व्यवसाय गाउँमा आएदेखि ताजा र सस्तो मूल्यमा तरकारी लिन पाइयो । अहिले आम्दानी अलि कम भए तापनि व्यवसाय बढाउँदै जाँदा उनको आम्दानी वैदेशिक रोजगारभन्दा बढी हुने उनले बताए । उनको मुख्य उद्देश्य गाउँघरमा रहेका युवाहरूलाई विदेश पलायन हुनुभन्दा आफ्नै देशमा रोजगारीको व्यवस्था र मौकाका साथै अवसर प्रदान गर्नु हो । यही मानसिकताका साथै उनी आफ्नो व्यवसाय अझै बढाउने प्रयासमा छन् ।

# इन्टरनेटको आकर्षण

**- कृषा सितिखु (प्रशिक्षार्थी)**

इन्टरनेट प्रविधि आजको युगको अकाट्य वास्तविकता हो । जोडिन खोज्ने वा टाढिन खोज्ने सबै प्रत्यक्ष अप्रत्यक्ष यसबाट प्रभावित भइरहेको छ । हाम्रो दैनिक जीवनदेखि विकासका हरेक कदम यिनैद्वारा निर्देशित हुँदै गएको छ । यस अर्थमा इन्टरनेट प्रविधिमा आजको प्रमुख एजेन्डा बनिरहेको छ ।

इन्टरनेट उपलब्धतासँग त्यसको निर्वाध प्रयोगमा जोडिनु आफैँमा ठुलो अवसर हो । सूचना जानकारीको छिटोछरितो उपलब्धता तथा सीमित समयमा बृहत् प्रभाव पार्नमा इन्टरनेट प्रविधिको उपयोगिता व्यापक छ । सम्भावित जोखिमलाई मध्यनजर गरेर विविध अभियान सञ्चालन गर्नेदेखि ज्ञान ग्रहणका अनेक विकल्पका लागि उत्तम माध्यम पनि हो । महिला, बालिका तथा अपाङ्गता भएकै कारण यसको प्रयोगमा प्रतिबन्ध लगाइएको कतिपयको भोगाइ छ । परिवार, समाज, निजी, टेक कम्पनी तथा राज्यस्तरबाट अनावश्यक घटना सुन्न पाइन्छ ।

इन्टरनेटमा शक्तिसम्पन्न समूहको भ्रामक र गलत सूचना जानकारीका कारण आममानिसलाई स्वतन्त्ररूपमा सही र यथार्थपरक सूचना बढ्दो छ । जसको प्रत्यक्ष प्रभाव व्यक्तिको सामाजिक, सांस्कृतिक तथा राजनीतिक क्रियाकलापको उपस्थितिमा समेत पर्छ ।



नुवाकोटको विदुर नगरपालिका-२ स्थित पुन:निर्माणको पर्खाइमा रहेको नुवाकोटको सातत

ले दरबार । नेपाल एकीकरणको समयमा पृथ्वीनारायण शाहले निर्माण गर्न लगाएको उक्त दरबार वि.सं. २०७२ वैशाख १२ को भूकम्पले क्षति पुऱ्याएपछि पुन:निर्माणको लागि टेको लगाइएकोमा अझै निर्माण अघि बढ्न सकेको छैन ।

*तस्बिर : रामहरि न्यौपाने / रासस*

# आगामी चैत १ गतेदेखि वैशाख १५ सम्म कान्तिराजपथ बन्द गरिने

पाटन (ललितपुर), २८ फागुन । ललितपुरको टीकाभैरवदेखि तिनपाने भन्ज्याङ, भट्टेडाँडा, काल्चे, बगुवा हुँदै मकवानपुरको ठिङ्गन भएर हेटौँडा पुग्ने कान्तिराजपथ ४५ दिनका लागि बन्द हुने भएको छ ।

ललितपुरको काल्चे खण्डको सडक चौडा गर्नका लागि आगामी चैत १ गतेदेखि वैशाख १५ सम्म कान्तिराजपथ बन्द गरिने कान्ति राजमार्ग सडक योजनाका इन्जिनियर रवीन्द्र महर्जनले दिनुभएको जानकारी दिनुभयो । "मर्मतसम्भारका लागि काल्चेदेखि बगुवा खण्ड चैत १ गतेदेखि वैशाख १५ गतेसम्म बिहान १० बजेदेखि बेलुकी ५ बजेसम्म बन्द हुनेछ । यो खण्ड करिब १ दशमलव ५ किलोमिटर सडक खण्डको साँघुरो ठाउँमा सडक चौडा गर्न लागिएको हो । सडकमाथिका कडा चट्टान कटिङ गर्ने निर्णय भएको छ । यसका लागि अहिले ४५ दिन लाग्छ भन्ने हाम्रो अनुमान हो," उहाँले भन्नुभयो ।

ललितपुरका प्रमुख जिल्ला अधिकारी तुलसीबहादुर श्रेष्ठको अध्यक्षतामा यही फागुन १६ गते बसेको बैठकले काल्चे खण्डमा पर्ने चेनेज कटिङसहितको निर्माण गर्न बिहान १० बजेदेखि बेलुकी ५ बजेसम्म सवारी आवत जावतमा रोक लगाउने निर्णय भएको हो । बैठकले कान्तिराजमार्ग खण्डमा एम्बुलेन्सलगायत अन्य अत्यावश्यक सेवाका यातायातलाई सञ्चालन गर्न सहजीकरण गर्ने निर्णयसमेत गरेको छ ।

विसं २०१३ मा शिलान्यास गरिएको काठमाडौँलाई हेटौँडासँग जोड्ने सडक मार्गको करिब पाँच किलोमिटर भाग अझै कालोपत्रे हुन बाँकी रहेको ईन्जिनियर महर्जनले बताउनुभयो । सरकारले प्राथमिकता नदिँदा र विगतमा निर्माणको जिम्मा लिएका ठेकेदार कम्पनीले ढिलासुस्ती गरेर काम गर्दा यो सडक निर्माण ६७ वर्षदेखि निर्माणाधीन अवस्थामै छ ।

कान्तिराजमार्गको हेटौँडा बुद्धचोकदेखि ललितपुरको सातदोबाटोसम्म लम्बाइ ९२ किलोमिटर हो । यसमध्ये बुद्धचोकदेखि-टीकाभैरवसम्म ७९ किमि सडक आयोजनाले निर्माण गर्ने हो । बाँ की खण्ड निर्माणको जिम्मा सडक डिभिजन कार्यालय ललितपुरको हो । टीकाभैरवदेखि चापागाउँ बसपार्कसम्म डिभिजन कार्यालयले चौडा पार्ने काम पूरा गरेको भए पनि स्थानीयको संरचनाको अवरोधका कारण ठेचो सुनाकोठीको भाग चौडा हुन नसकेपछि २०७६ सालमा सरकारले निर्णय गरेर सडकको खण्ड टीकाभैरवबाट छम्पी भैँसेपाटी हुँदै नख्खुसम्म तय गरेको छ । भैँसेपाटीसम्म सडक चौडा भएपछि छम्पी टीकाभैरव खण्डमा भने चौडा हुन बाँकी नै रहेको छ । ***रासस***

# अब सेवाग्राहीको प्रतिक्रिया 'क्युआर कोड' बाट

त्रिशुली (नुवाकोट), २८ फागुन । जिल्ला प्रशासन कार्यालय नुवाकोटले सेवाग्राहीको प्रतिक्रिया 'क्युआर कोड' बाट सङ्कलन गर्न सुरु गरेको छ ।

यसअघि 'गुनासो पेटिका' मार्फत सेवाग्राहीको प्रतिक्रिया सङ्कलन गरिँदै आएकोमा समय सान्दर्भिक र आधुनिक प्रविधिको उपयोगलाई मध्यनजर गर्दै 'क्युआर कोड' सेवा सञ्चालनमा ल्याएको प्रमुख जिल्ला अधिकारी रामकृष्ण अधिकारीले जानकारी दिनुभयो । उहाँको अनुसार प्रतिक्रिया सङ्कलनको लागि राखिएको पेटिकामा न्यून सहभागिता भएसँगै त्यसलाई परिमार्जन गर्दै कार्यालयले अनलाइन माध्यमबाट सेवाग्राहीको प्रतिक्रिया सङ्कलन गर्न सुरु गरिएको हो ।

उहाँ भन्नुभयो, "सेवाग्राहीको सन्तुष्टिको आधार थाहा पाउनदेखि सेवा प्रवाह सुधारको लागि राय सङ्कलन गर्न 'क्युआर कोड' को उपयोग गरेर प्रश्नावली र खुला दुवै विधिबाट राय सङ्कलन गर्न सुरु गरेका छौँ । कागजमा लेखेर गुनासो पेटिकामा प्रतिक्रिया दिन झन्झटिलो भएको पाइएसँगै मोबाइलबाट नै प्रतिक्रिया दिन सकिने प्रविधि प्रयोगमा ल्याएका छौँ ।"

प्रशासन कार्यालयले सेवाग्राहीको प्रतिक्रिया सङ्कलनको लागि कार्यालय परिसरमा नि:शुल्क इन्टरनेट सेवा उपलब्ध गराएको छ । इन्टरनेटको माध्यमबाट कार्यालयका सबै शाखा तथा सूचना बोर्डमा टाँस गरिएका क्युआर कोड स्क्यान गरेपश्चात् देखिने प्रश्नावलीको छनोट र त्यसमा थप व्याख्यासहितको आफ्ना सुझाव राख्न सकिने गरेर सेवा सञ्चालनमा ल्याइएको प्रजिअ अधिकारीको भनाइ छ ।

उहाँले भन्नुभयो, "सरकारी सेवा प्रवाहको अवस्था थाहा पाउन यसअघि प्रयोगमा ल्याइएको गुनासो पेटिकामा नागरिकका प्रतिक्रिया कम पर्ने तर सामाजिक सञ्जालका उपयोगबाट प्रतिक्रिया जनाउनेको सङ्ख्या धेरै हुन थालेसँगै प्रशासनले प्रविधिको उपयोगलाई प्रयोगमा ल्याएको हो । कार्यालयले दिने सेवा, त्यसको गुणस्तर, कर्मचारीको व्यवहार, आगामी दिनमा गर्नुपर्ने सुधारसहितका विषयलाई 'क्युआर कोड' स्क्यानपश्चात् आउने प्रश्नावलीबाट प्रतिक्रिया जनाउन सकिने छ ।"

अनलाइन माध्यमबाट गरिने गुनासोकर्ताको विवरण गुनासो सम्बोधन अधिकारीबाहेकलाई थाहा नहुने गरेर गोप्य हुने प्रबन्ध मिलाइएकाले निर्धक्क भएर प्रतिक्रिया दिन सहायक प्रजिअ तुलसीराम पौडेलले आग्रह गर्नुभयो । उहाँको अनुसार प्रतिक्रिया दिने सेवाग्राहीको विवरण कार्यालयले गोप्य राख्नेछ भने प्राप्त गुनासोको सम्बोधनपश्चात् सम्बन्धित पक्षलाई त्यसको जानकारी दिइने छ ।

हाल परीक्षणको रूपमा सञ्चालनमा ल्याइएको प्रतिक्रिया सङ्कलन माध्यमलाई समयअनुसार संशोधन र प्राप्त प्रतिक्रियाको आधारमा सेवा प्रवाहलाई सुधार गर्दै जिल्लाभरका कार्यालयमा विस्तार गर्ने प्रशासनको योजना छ । ***रासस***

# पाँचपोखरी सफाइ अभियान

काठमाडौँ, २८ फागुन । प्रसिद्ध पर्यटकीय क्षेत्र पाँचपोखरीको सरसफाइ गरिएको छ । 'पर्यटन प्रवद्धनमा हाम्रो दृष्टि, सफा राखौँ आफ्नो सृष्टि' भन्ने नाराका साथ पाँचदिने सरसफाइ अभियान सम्पन्न गरिएको हो ।

पाँचपोखरी थाङ्पाल गाउँपालिकाको भोताङबाट सरसफाइ अभियान सुरु गरिएको न्यू भिजन नेपालका संयोजक अशोक शर्माले जानकारी दिनुभयो । पाँचपोखरी थाङ्पाल नगरपालिकाको कार्यालयदेखि पाँचपोखरीसम्म कुहिने र नकुहिने गरी पाँच सय किलो फोहर सङ्कलन गरिएको बताउनुभयो ।

पाँचपोखरी थाङ्पाल गाउँपालिका, नेपाल पर्यटन बोर्ड र न्यू भिजन नेपालको मुख्य आयोजनामा तथा गरिमा भ्वाइस टुर एण्ड ट्राभल्सलगायत संस्थाको समन्वयमा विश्वकै नवौँ अग्लो स्थानमा पर्ने पाँचपोखरीको सरसफाइ अभियान गरिएको हो ।

पाँचपोखरी नेपाल भ्रमण वर्ष २०२० मा घुम्नैपर्ने पर्यटकीयस्थलको सूचीमासमेत परेको गाउँपालिकाका अध्यक्ष टासी लामाले जानकारी दिनुभयो । जनैपूर्णिमाका अवसरमा मेला लाग्ने र भक्तजन तथा पर्यटकले प्लाष्टिक, बोतललगायत अन्य सामग्रीको जथाभावी प्रयोगले वातावरणमा असर पर्ने भएकाले सरसफाइ अभियान सञ्चालन गरिएको उहाँले बताउनुभयो । रासस

। सम्पादकीय ।

# सरकार ढाल्ने र बनाउनेमा ठुला दलका नेताहरू नै दोषी


पुँजीवादी व्यवस्थामा सरकारको नेतृत्व बरोबर फेरिरहन्छ; सरकारमा नयाँ नयाँ दलहरू थपघट भइरहन्छन् । सरकारको नेतृत्व फेर्नु र सरकारमा नयाँ दलहरू सहभागी हुनु देशको परिवर्तन होइन । सरकारको नेतृत्व त कति फेरियो कति फेरियो । तर, व्यवस्थामा परिवर्तन भएन । जनताले राहतको अनुभूति पाएनन् । नयाँ सरकार र नयाँ मन्त्री भनेर जनताले पत्याउने विश्वास सरकारले दिलाउन सकेन । सरकारको नेतृत्व परिवर्तन गर्ने, सरकारमा दलहरू थपघट भइरहने तर परिवर्तन कुनै नहुने अनुभव जनताले गरिसकेका छन् । जनताको चाहना र देशको आवश्यकता छिटोछिटो सरकार परिवर्तन र मन्त्रीहरूको हेरफेर होइन; देश र जनताको पक्षमा राम्रो काम गर्नु हो । सत्तासीन र ठुला दलका नेताहरू सरकार ढाल्ने र बनाउने खेलमा किन समय खर्च गर्छन् ? जनताको विषयमा किन सोचेनन् ? यसले थाहा हुन्छ, सरकार गम्भीर छैन; सरकार देश र जनताप्रति समर्पित छैन ।

हिजो जसलाई गल्ती ठानेको थियो, शत्रुको आँखाले हेरेको थियो, सत्ता पाएपछि आज त्यही ठीक, त्यही राम्रो ! के शासक नेताहरूले बोलेपछि भनेपछि कालो पनि सेतो, सेतो पनि कालो हुन्छ ? के बेइमान पनि इमान, खराब पनि असल, अवैधानिक पनि वैधानिक, देशघाती पनि देश हित हुन्छ ? हिजोको दयनीय या कमजोर आर्थिक अवस्था आफू सरकारमा जाने बित्तिकै कसरी सबल या प्रगति हुन्छ ? अरु सरकारमा रहुञ्जेल सबै खराब अनि आफू गएपछि एकाएक कसरी स्थिति मजबुत हुन्छ ? नेकासमेतको माओवादी नेतृत्वको सरकार गलत, अनि एमालेसमेतको माओवादी नेतृत्वको सरकार कसरी ठीक हुन्छ ? वामपन्थी दल अधिक भएको सरकार ठीक मान्ने हो भने माओवादी र एकीकृत समाजवादी दल वामपन्थीविरोधी दल नेका सम्मिलित दलमा किन समावेश भए ? अनि हिजो एमालेसमेतको सरकार छोडेर माओवादी केन्द्र किन नेकासँग घाँटी जोडेर सरकार गठन गर्न पुग्यो ?

सरकार ढाल्ने र बनाउनेमा ठुला दलका नेताहरू नै दोषी छन् । अस्थिर सरकार निर्माण र अराजक गतिविधिका दोषी पनि ठुला दलका नेताहरू नै हुन् । सत्ताको निम्ति खुट्टा तान्ने र पछार्ने काममा पनि ती दलका नेताहरू नै जिम्मेवार छन् । एउटा सहमति तोडेर अर्को सहमति गरेर सरकारको संरचना हेरफेर गर्ने नेताहरू पनि तिनीहरू नै हुन् । एउटा सहमति तोडेर अर्को सहमति गर्ने नेताहरूमा अडान खोइ, प्रतिबद्धता खोइ ? के नेताहरूमा इज्जत, प्रतिष्ठा, नैतिकता भन्ने कुरा हुँदैन ? जोसँग जसरी भए पनि मिलेर प्रधानमन्त्री पद लम्ब्याउनु नै देशको परिवर्तन हो ? पदको निम्ति अनेक चलखेल गर्ने अनि सत्ताको निम्ति राजनीति गरेको होइन भनी स्पष्टीकरण दिँदै जाने ? हिजो एकले अर्कोलाई अत्यन्त निकृष्ट गालीगलौज गरी पानी बाराबारको स्थितिमा पुगेका या कम्युनिस्ट पार्टीको मुख्य शत्रु कम्युनिस्ट पार्टी भएसरि हिलोछ्याप्ने ती नेताहरू आज विचार र सिद्धान्त मिल्ने मित्रको रूपमा चर्चा परिचर्चा गर्न किन अघि सरे ?

यो सरकार 'वामपन्थीहरूको सरकार' पनि होइन । जनता समाजवादी पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टीलाई वामपन्थी भन्न मिल्छ कि मिल्दैन ? या उनीहरू आफूलाई वामपन्थी पार्टी स्वीकार्छन् ? वामपन्थी भनिने दलका नेताहरू पार्टी फुटेको बेला, सरकार ढाल्दा एकले अर्कोलाई वामपन्थी भन्न के प्रतिगामी र प्रतिगामीलाई सहयोग गर्ने प्रतिक्रियावादी भन्न पनि पछि परेनन् । तर, ती नै दलका नेताहरू आफूलाई क्रान्तिकारी, समाजवादी पक्षधर कम्युनिस्ट ठान्छन् । पद र पैसामा भुलेका दलका ती नेताहरू कम्युनिस्ट पार्टीको सिद्धान्त र विचार छोडेर, विचार तोडेर निर्वाचन र सरकार गठबन्धनमा वर्गीय शत्रुसँग एकाकार गर्न पुगेका छन् । त्यस्ता नेताहरूको सहकार्य केको निम्ति, गठबन्धन केको निम्ति भन्ने कुरा के घामझैँ छर्लङ्ग छैन ?

# शोषण र विकास सँगै जान सक्दैन !



भैरव रिसाल

***शोषण भनेको सानो भए पनि, ठुलो भए पनि शोषण नै हो । समाजमा शोषण रहुञ्जेल प्रगति, समुन्नति हुन सम्भव छैन । तसर्थ, कुनै हालतमा पनि शोषणको अन्त्य हुनुपर्छ । धनी र सम्पन्न व्यक्तिहरूले आफ्नो सुख-सुविधा बढाइरहेका छन् । त्यसको मूल कारण शोषण नै हो । कार्यकर्ताले मात्रै होइन, सर्वसाधारण जनताले पनि शोषणको तीव्र र निरन्तर विरोध गरिरहनुपर्छ ।***

वास्तवमा संसारभर राजनीतिक लडाइँ शोषक र शोषितबिच हुने गर्छ । यो दुनियाँको आजसम्मको विगतले बताएको हो । प्रहरी, सैनिक, गुप्तचर विभाग, कर्मचारीतन्त्र, शासनतन्त्रका अङ्ग हुन् । शोषक वर्गले उपभोग गरिरहेको सुख, सयल गुम्न नदिन राजनीति गर्छन् तर कामदार वर्ग भने शोषणरहित समाज खडा गर्ने उद्देश्यले राजनीति गर्छ । कर्मचारीहरूको लागि अब सरकारले नै आवास र कार्यालयमै खानाको व्यवस्था गर्नेतर्फ सोच्ने बेला आएजस्तो छ । सार्वजनिक यातायातको अव्यवस्था र अफिस समयमा पुग्न अप्ठ्यारो अवस्था आएको छ । यसर्थ, सरकारी कार्यालयको समय फरक फरक पार्ने हो कि ? यसतर्फ पनि गम्भीर सोचाइको आवश्यकता छ । शासक दलहरू र ती दलका नेताहरू किन राजनीति गर्छन् ? भन्ने सोच्दा धन कमाउन हो भन्ने बुझाइ रहेको छ । हामीले दलको लागि इमानदार बनाउन वैचारिक सङ्घर्ष नगरी हुँदैन भन्ने आलोचना र आत्मालोचनाबाट पलायन गर्न हुँदैन । परिवर्तन सम्भव छ । तर, बहुमत जनता राजनीतिकरूपमा सचेत र सङ्गठित भएमा परिवर्तन साँच्चै धेरै समय लाग्दैन । असल नेतृत्वकै कारण देशलाई माथि उचाल्न सफल भएको उदाहरण हाम्रोसामु छ । यसको लागि बहुमत जनता सङ्गठित र सचेत भएमा परिवर्तन गर्न लामो समय लाग्दैन ।

**चीनले विछट्टको प्रगति गऱ्यो !**

यसको लागि असल र इमानदार नेतृत्वको खाँचो छ । यस्तो विकट अवस्थामा गएको चीन विश्वको महाशक्ति बन्न त्यसै सफल भएको होइन । हामीले इतिहासको अस्ति, हिजो र आजको परिस्थितिको विश्लेषण गरी अगाडि बढ्ने हो भने परिवर्तन सम्भव हुनेरहेछ । भूमध्यरेखाभन्दा उत्तरको चीनमा उष्णिताको कमीले दक्षिण त्रिभुजको जस्तो छिटो प्रगति हुनसकेन । यसको लागि चीनका नेताहरूले निकै सङ्घर्ष गर्नुपऱ्यो । यो सङ्घर्ष सजिलो थिएन । प्रकृतिसँग जुध्न सजिलो हुँदैन । प्रायः मान्छेहरू प्रकृतिसँग सामना गर्न तयार हुँदैनन् तर चिनियाँ नेताहरू प्रकृतिसँग अनवरत सङ्घर्ष गरी प्रकृतिलाई जित्न सफल भए । चिनियाँ जनता अहिले विश्वमा नयाँ दिशा दिन सफल भइरहेका छन् । यसको लागि उनीहरूले प्रकृतिको आधिकारिक र गम्भीर अनुसन्धान गरेर यो अवस्थामा पुगेका हुन् । यी कुरा लेख्न सजिलो छ तर गर्न कठिन छ । चीनका जनताले यो कठिन सङ्घर्ष गरेरै दुनियाँलाई देखाए । चिसो, अधिक चिसो भनेको उत्पादनको प्रकृतिभन्दा फरक हो । त्यो विछट्टको चिसोलाई ओल्टाइपल्टाइ गरेर चीनले आफ्नो गरिबी पन्छायो । यो कठिन काम सबै मुलुकले गर्न सक्ने सम्भावना कम छ तर गऱ्यो भने हुँदोरहेछ भन्ने उदाहरण चीनले देखायो । केही वर्षअघिसम्म चिनियाँ सबै जनता पेटभरि खान पाउँदैनथे । नटालेको लुगा लगाउन मुश्किल पर्थ्यो । तर आज सबै चिनियाँ जनता पेटभरि खान पाउँछन्

**महिला नेतृत्व झन् जरूरी**

नेपालमा पनि नेपाल मजदुर किसान पार्टीले राजनीतिमा नयाँ रेकर्ड कायम गर्न प्रयत्न गरेको छ । यदि कर्मचारी पनि पार्टीका कार्यकर्ताजस्तै इमानदार र सक्रिय भएमा मुलुक उचाल्न असम्भव छैन । देशको स्थिति जुन भद्रगोल देखिन्छ, त्यसमा तल्लो पदको भन्दा पनि उच्च तहका कर्मचारीहरू उत्तिकै दोषी छन् । नेपाल कर्मचारी समाजका सदस्यहरू पनि सक्रिय, इमानदार र निष्ठावान भएमा मुलुकलाई माथि पुऱ्याउन सजिलो हुन्छ । संयमित, इमानदार र इच्छाशक्ति भएका कर्मचारीहरूकै कारण चीन अगाडि बढेको हो । इच्छाशक्ति सबभन्दा प्रबल शक्ति हो । तसर्थ, इच्छाशक्तिलाई माथि उचाल्न आवश्यक पर्ने सबै शक्तिको प्रयोग गर्नुपर्छ । इच्छाशक्ति नै भएन भने प्रगति गर्न सकिँदैन । राजनीतिकरूपले सचेत पुरूष र महिला भए भने मुलुक सजिलैसँग अगाडि बढ्न सक्छ । रूसका जनता अथवा छोरा-बुहारी भूदास प्रथा र सामन्ती व्यवस्थाको विरोधमा सङ्घर्ष गरे भने साइबेरियाको चिसोमा लघारिन्थे । त्यही पनि विचलित नभई सङ्घर्षलाई जारी राखे । क्रान्तिकारी महिलाहरूको जीवनी अध्ययन गरेर नेपाली महिलाहरूले दृढताका साथ प्रेरणा पाउन सक्छन् । यसर्थ, क्रान्तिकारी महिला एवं पुरूषको जीवनी अध्ययन गरेर नेपालमा पनि नेपाली महिलाहरू अगाडि बढ्न सक्छन् तर हामीकहाँ ( नेपालमा) महिला राष्ट्रपति, मन्त्री, राज्यमन्त्री र सहायकमन्त्री पनि भए तर ती पदमा पुगेपछि उनीहरूले अरू महिलालाई बिर्से ।

**शोषणको अन्त्य हुनुपर्छ**

सिंहदरबारको नेतृत्व गरेका महिला वा पुरूष गतिला नभएका कारण जनताको हित नभएको हो । शोषक वर्गको सरकारसँग मानवता हुँदैन । मानवता नै नभएको मानवबाट दानवताबाहेक के आशा गर्न सकिन्छ ? तसर्थ, कार्यकर्तालाई इमानदार भई निरन्तर सङ्घर्ष गर्नेतिर तयार राख्नुपर्छ । शोषण नभइकन पनि संसार चल्न सक्दो रहेछ । शोषण वास्तवमा जनताविरोधी प्रक्रिया हो । शोषणको कुनै हालतमा पनि अन्त्य गर्नुपर्छ । शोषक र शोषित एउटै छाता ओढेर वर्षा र गर्मीबाट पार लगाउन सक्दैनन् । यो तथ्य विश्वको कुनाकन्दरामा हेऱ्यो भने पनि प्रस्ट देखिन्छ । तसर्थ, शोषणको विरूद्ध क्रियाशील हुनु आफ्नो कर्तव्य हो । शोषण भनेको सानो भए पनि, ठुलो भए पनि शोषण नै हो । समाजमा शोषण रहुञ्जेल प्रगति, समुन्नति हुन सम्भव छैन । तसर्थ, कुनै हालतमा पनि शोषणको अन्त्य हुनुपर्छ । धनी र सम्पन्न व्यक्तिहरूले आफ्नो सुख-सुविधा बढाइरहेका छन् । त्यसको मूल कारण शोषण नै हो । कार्यकर्ताले मात्रै होइन, सर्वसाधारण जनताले पनि शोषणको तीव्र र निरन्तर विरोध गरिरहनुपर्छ । समाजमा शोषण भएन भने प्रगति स्वतः हुन्छ । यो तथ्य संसारको इतिहास पल्टायो भने छर्लङ्ग हुन्छ । शोषण र समुन्नति सँगसँगै जान सक्दैनन् । सम्पन्नताको लागि शोषणको समूल अन्त्य हुनुपर्छ । राजनीतिको यो मूल मन्त्र हुनुपर्छ ।

# सही विद्यालयको छनोट



सुजाता ध्वजु

भर्ना खोल्यो ! भर्ना खोल्यो ! हरेक वर्षको पुस महिनादेखि वैशाख महिनासम्म सुन्दै आएको विज्ञापन हो यो । विभिन्न विद्यालयका भर्नासम्बन्धी विभिन्न विज्ञापनहरू छन् । श्रीपञ्चमी अक्षारम्भ, दुईमा एक छुट आदि । अभिभावकबिच एउटा अन्योल छाएको छ । म मेरो नानीलाई कुन, कस्तो विद्यालयमा भर्ना गर्ने ? विज्ञापन दिएअनुसार मेरो नानीको लागि त्यो विद्यालय उचित होला त ? फेरि ईसीडी, प्रि-स्कूल, मन्टेश्वरी के हो के ? यी सबै विद्यालयको नाम हो कि मेथोडोलोजीको नाम आदि छुट्याउन गाऱ्हो छ । यसबारे हामी अभिभावकहरू विज्ञापनभन्दा आफू स्वयम् त्यस विद्यालयमा गएर मेरो नानी यो विद्यालयमा राख्दा कति सुरक्षित छ, बालमैत्री कक्षाकोठा, शौचालय छ कि छैन । स्वस्थकर खाजा, खाना, पिउने पानीको व्यवस्था छ कि छैन, शिक्षण सिकाइ सामग्री, खेल्ने चउर आदिको राम्रो व्यवस्था सँगै विद्यालयमा शिक्षण गर्ने शिक्षक-शिक्षिकाहरू तालिम प्राप्त, व्यवहारिक एवम् संस्कार गरिएका छन् छैनन् बुझ्नु जरुरी छ ।

धेरै पैसा तिर्दैमा वा थोरै पैसा तिर्दैमा विद्यालयमा मेरो नानीले राम्रो सिक्छ वा सिक्दैन भन्ने भ्रम हामीले छोड्नुपर्छ ।


हरेक विद्यालयको आ-आफ्ना शिक्षण विधिहरू हुन्छन् । आजको २१ औँ शताब्दीमा हामीले घोकन्ते र पुरानो शिक्षण विधि अपनाउँदै हामीलाई जसरी असहज र प्रयोगात्मक अध्ययनमा गाऱ्हो भएको छ अबका नानीमा त्यस्ता समस्याहरू नहोस् भनेर जन्मदेखि ८ वर्षका नानीहरूलाई हामी 'म सुन्छु र बिर्सन्छु, म देख्छु र सम्झन्छु, म गर्छु र बुझ्छु, म प्रतिबिम्बित गर्छु र सिक्छु एवम् सरलबाट जटिलतिर कसरी जाने र डा. मारिया मन्टेश्वरीका अनुसार हाम्रा नानीहरूले आफ्नै गतिमा सिक्ने, आफैँ निर्णय र तर्क गर्न सक्ने, समस्याको समाधानको खोजमा सानाले ठुलालाई ठुलाले सानालाई सहयोग गर्न सक्ने शिक्षा/शिक्षण सिकाइ गर्नुपर्छ भनिएको छ । जुन कुरा आजको समयमा हरेक विद्यालय, अभिभावक एवम् शिक्षकशिक्षिकाले बुझ्न जरुरी छ । हामीले नानीहरूलाई प्रतिस्पर्धीभन्दा पनि सक्षम र सबल व्यक्ति बनाउनेतिर कोसिस गर्नुपर्छ । त्यसको लागि हामीले नानीहरूको उचित हुने उमेर समूहअनुसारको पाठ्यक्रम विद्यालयका शिक्षकशिक्षिकाले निर्माण वा तयार गर्नु आवश्यक छ । जसमा उमेर समूहअनुसार गर्नसक्ने वार्षिक पाठ्यवस्तु, उद्देश्य, पाठ्यसामग्री, कक्षाकोठामा गर्ने विभिन्न गतिविधि, क्रियाकलाप, समय अवधि आवश्यक पर्दछ, बजारमा पाइने पाठ्यपुस्तक होइन ।

उमेर समूह तथा कक्षागत पाठ्यक्रम हरेक शिक्षकशिक्षिकाको लागि अत्यन्त आवश्यक छ । हरेक शिक्षकशिक्षिकाले वर्षभरि गर्ने शिक्षण सिकाइ क्रियाकलापको स्वअध्ययनबाट आफ्नो कक्षामा भएका हरेक नानीहरू भिन्न र फरक छन् । तर, सबैलाई सक्षम कसरी बनाउने भन्ने उद्देश्य निर्धारण गर्ने सक्षमताको विकास गर्नुपर्छ । नानीलाई जबसम्म म विद्यालयमा सुरक्षित र स्नेहप्रेमी शिक्षकशिक्षिका छ भन्ने आभास हुँदैन तबसम्म हाम्रा नानीहरू विद्यालय आउन गाऱ्हो मान्छन् । त्यसैले, हामी शिक्षकशिक्षिका एवम् विद्यालयले खेलाउँदै, रमाउँदै, नाच्दै, गाउँदै हरेक किसिमका क्रियाकलापमा प्रोत्साहन र हौसला दिँदै शिक्षण सिकाइ गर्नुपर्छ । जसले नानीहरूलाई गर्ने विभिन्न क्रियाकलापसँगै उनीहरूको सर्वाङ्गीण विकास (बौद्धिक, सामाजिक संवेगात्मक, शारीरिक, भाषा एवम् नैतिक शिक्षा) गराउनको लागि सुरुमा कुनै पाठ्यवस्तुको जानकारी दिन खेल खेलाऊ, खेलसँगै सामग्रीसँग रमाऊ, विस्तारै शिक्षण त्यो सँगसँगै हामी अभिभावकले आफ्नो नानीको उमेर हेरेर आफ्नो नजिकका विद्यालयमा कसरी शिक्षण सिकाइ भइरहेको छ भन्ने कुरा बुझ्न जरुरी छ । टाढा टाढाको विद्यालयमा भर्ना गर्नुको सट्टा हाम्रा नानीहरूलाई नजिक विद्यालय भर्ना गर्दा हाम्रा नानीहरूले झ्यान आयो उठन नानी बस आयो छिटो खाना आऊ ढिलो भयो आदि कुराहरू हामी अभिभावक आत्तिए पनि बोल्नुपर्दैन र हाम्रा नानीको बालापनको छुकछुक गर्ने, रमाउने, दौड्ने, कुद्ने अभिभावकसँग गर्ने कुराहरू, रमाइलो तोतेबोली खानाका विभिन्न स्वाद, हजुरआमा हजुरबुबासँग मठमन्दिर घुम्ने आदि विकासहरू घरबाटै पाउँछ । ती नानीहरूले आफ्नो परिवार, संस्कार र व्यवहारभन्दा ढिलो चाँडो अर्थको खोजी समय बर्बाद नगरोस् ।

भियतनाम यात्रा - ७

# मनमोहक हालोन बे

योगेन्द्रमान बिजुक्छें



मनमोहक हालोन बेको एक दृश्य

**लोभ्याउने मोतीको कारखाना**

हालोन बे पुग्न २/४ किमि अगाडि एउटा नसोचेको स्थानमा लगियो । 'नगट्राइ नुआई' भनिने मोती उत्पादन गर्ने प्रयोगशाला र बिक्री तथा अवलोकन स्थलमा । चार/पाँच वटा लहरै राखिएको टेबलमा मोती उत्पादनको प्रक्रिया लाइभ नै देखाइयो । सुन, चाँदी, गहना सम्बन्धमा

*भौगर्भिक र जैविकरूपमा अति महत्त्वपूर्ण र प्राकृतिकरूपमा अति सुन्दर यस क्षेत्रलाई युनेस्कोले सन् १९९४ मा प्राकृतिक विश्व सम्पदाको सूचीमा समावेश गर्यो । जैविक विविधता र पारिस्थितिकीय प्रणालीको दृष्टिकोणले समेत यसको महत्त्व रहेकोले फेरि सन् २००० मा यसलाई विश्व प्राकृतिक सम्पदाको सूचीमा थप्यो । यस क्षेत्रका टापु, जङ्गल र सामुद्रीक भागहरू सबै गरेर करिब चार हजार नौ सय दस (४,९१०) विभिन्न बोटबिरुवा र जीवको वासस्थान रहेको मानिन्छ । तीमध्ये १९८ जात आइयूसीएनको (IUCN–International Union of Conservation of Nature) लोपोन्मुख सूचीमा परेका छन् ।*

हामीलाई त्यति ज्ञान पनि थिएन, चाख पनि भएन । मोतीको उत्पादनका बारेमा पनि केही पूर्व ज्ञान त झनै थिएन । उक्त प्रक्रियाले नयाँ कुरा सिक्न पाएको महसुस भयो । अङ्ग्रेजीमा अस्टर (Oyster) भनिने एक चेप्टो शङ्खेकीराको भित्री भागमा प्राकृतिकरूपमा उब्जिने सेतो गोलो कडा भाग नै मोती हुँदो रहेछ । परापूर्वकालदेखि मानिसले गहनाको रूपमा लगाइने मोती साह्रै साझा र महँगो गहना मानिन्छ । प्राकृतिकरूपमा पाइने मोतीको आकार सबै सामान र राम्रो नदेखिने रहेछ । सन् १८९३ अथवा आजभन्दा एकसय तीस वर्ष पहिलेसम्म मानिसले प्राकृतिकरूपमा पाइने मोतीमात्र प्रयोग गर्न पाउँथे । तर, सन् १८९३ मा कोकिचि मिकीमोटो भनिने एक जापानी मोतीका व्यवसायीले मानिसले चाहेजस्तो आकार र साइजको मोती पाउन मोती बन्ने प्राकृतिक प्रक्रियाको गहन अध्ययन गर्दै आखिरमा 'कल्चर्ड मोती' (कृतिमरूपमा जिउँदो शङ्खभित्र मोती राखेर त्यसबाट आफूले चाहेको मोती निकाल्ने प्रविधि) खेती नै गर्न सकिने तरिकाको विकास गरे । मिकीमोटोको नयाँ प्रविधिले मोतीको उत्पादन, उद्योग र व्यवसायमा नयाँ क्रान्ति नै



शङ्ख कीराबाट मोती निकाल्ने प्रयोगशालामा पर्यटकहरुलाई प्रत्यक्ष अवलोकन गराउँदै

ल्याएको मानिन्छ ।

मोती उत्पादन गर्ने यस प्रक्रियाको अवलोकन गराइसकेपश्चात् बिक्री र अवलोकन कक्षमा लगियो । मूल्य अङ्कित कागज (Price tag) हेर्दै जिब्रो टोक्दै हामी निस्कियौँ । तर, हाम्रो समूहको दुई जनालाई करिब आधा घण्टा बसभित्रै कुर्नुपर्यो । एक नवविवाहित जोडी दामको थैलो पनि ठुलै थियो क्यारे ! मोतीको गहिराइमै हराएछन् राम्रो मोतीको माला किन्दा किन्दै । मोती उत्पादनको कक्षबाट बस सिधैँ हालोन बेतिर हानियो ।


**मनमोहक 'हालोन बे'**

राजधानी हनोईको उत्तरपूर्वमा अवस्थित समुद्री किनारलाई 'गल्फ अफ तोकिन' (Gulf of Tokin) भनिन्छ । भौतिक भूगोलको शब्दावलीअनुसार अङ्ग्रेजी गल्फ (Gulf) र बे (Bay) को अर्थ खाडी हुन्छ जसको अर्थ तीनतिर जमिनले घेरिएको एकातिर खुला समुद्रको भागलाई भनिन्छ । विगत केही वर्षमा यस क्षेत्र विश्वकै पर्यटनको नयाँ गन्तव्यको रूपमा पहिचान बनाउँदै आएको छ । हनोईबाट १०२ किमि पूर्वमा पर्ने समुद्री किनारको हाइफोङ्ग सहर हुँदै त्यहाँबाट पनि अझ ३० किमि उत्तर-पूर्वमा पर्ने हालोन अर्को समुद्री किनारको सहर हो । यही सहरको पूर्वतर्फको करिब १५००० वर्गकिमिमा फैलिएको सामुद्रिक क्षेत्र जुन करिब १९६९ वटा साना ठुला टापुहरू छरिएर रहेको अत्यन्त मनमोहक प्राकृतिक क्षेत्र हो । ती १९६९ मध्ये करिब ९०० वटा टापुको नामकरण भइसकेको र अझ धेरैको गर्न बाँकी रहेको छ । यी टापुहरू कुनै थुम्को जस्तै लाग्छ भने कुनै डाँडाजस्ता । कुनै एक आपसमा जोडिएको लामो थुम्कोहरूको मालाजस्तो देखिन्छन् भने कुनै एक्लो डाँडे टापुजस्तो । संसारकै प्राकृतिकरूपमा सुन्दर स्थानहरूमध्येको मानिने यस क्षेत्र हालैका वर्षहरूमा भियतनामको मुख्य पर्यटन स्थलहरूमध्येमा पर्छ ।

**अदभूत स्वर्ग दरबार गुफा**

हालोन बे अवस्थित क्वान न्हिन प्रान्त क्षेत्रमा ढुङ्गेयुग अथवा करिब ३००,००० लाख वर्ष पहिलेदेखि नै मानव बस्ती रहेको पुरातात्त्विक प्रमाणहरूले देखाएको दाबी गरिन्छ । भौगर्भिक र जैविकरूपमा अति महत्त्वपूर्ण र प्राकृतिकरूपमा अति सुन्दर यस क्षेत्रलाई युनेस्कोले सन् १९९४ मा प्राकृतिक विश्व सम्पदाको सूचीमा समावेश गर्यो । जैविक विविधता र पारिस्थितिकीय प्रणालीको दृष्टिकोणले समेत यसको महत्त्व रहेकोले फेरि सन् २००० मा यसलाई विश्व प्राकृतिक सम्पदाको सूचीमा थप्यो । यस क्षेत्रका टापु, जङ्गल र सामुद्रीक भागहरू सबै गरेर करिब चार हजार नौ सय दस (४,९१०) विभिन्न बोटबिरुवा र जीवको वासस्थान रहेको मानिन्छ । तीमध्ये १९८ जात आइयूसीएनको (IUCN–International Union of Conservation of Nature) लोपोन्मुख सूचीमा परेका छन् ।

भौगर्भिकरूपमा चुन ढुङ्गाले बनेका यी डाँडे टापुहरूमा चुनढुङ्गा पग्लिँदा र पानीले खियाउँदा विभिन्न साना ठुला गुफाहरू र विभिन्नि आकारका खाल्डाखुल्डीहरूको र अन्य रूपहरू देखिन्छन् । हालोन बेको यात्राको क्रममा सानो कोठे स्टीमरको (३०/४० जना पर्यटकको लागि व्यवस्थापन गरिएको सानो डुङ्गा) सयर गराउँदै घुमाइएका एक डाँडे टापुको नाम थियो - स्वर्ग दरबार गुफा । पोखराको महेन्द्र गुफाको झझल्को दिने गुफा हेर्न २०० मि. जति सिढीँ चढ्यौँ । तर, भित्र जाँदै गर्दा अचम्मकै ठुलो थियो । साँच्चिकै



जापानी उद्यमी कोकीची मीकीमोटो (इन्सेटमा जम्मा गरिएको मोती)

विशाल हलजस्तै देखिने यो गुफा अद्भूत नै लाग्यो । गुफाभित्र पनि अवलोकनकर्तालाई आनन्दले हेर्न र भित्र घुम्न सजिलो गर्न हिँड्ने बाटामा चारकुने ढुङ्गा छापिएको थियो र हरेक कुनामा आवश्यक बत्तीको व्यवस्था गरिएकोले गुफामा होइन एउटा स्वर्गकै दरबारमा पुगेको महसुस हुँदोरहेछ । गुफाका भित्ताहरू चिप्लो र सफा होइन बरु खस्रो तर मूर्तिकारको कुशल हातले बनाएझैँ लाग्ने विभिन्न आकारहरूको अवलोकन गर्दा आश्चर्य र खुल्दुलीको अनुभूति हुन्छ ।

भियतनाम पर्यटन व्यवसायको व्यवस्थापनमा कुशल देखिन्छ । अवलोकन गर्ने कुनै स्थलको प्रवेश क्षेत्र (Entry point) र बाहिरिने क्षेत्रहरूमा (Exit Point) सफा शौचालयको सुविधा र सोभनियरका सामानहरू खरिद गर्ने तथा चिया चमेना किन्न र अवलोकन गर्ने व्यवस्था पनि राम्रै देखिन्छ । तर, कुनै सामान बेच्नेहरूबाट पर्यटकलाई लखेटी लखेटी सामान किन बाध्य पारेको घटना भने अनुभव गर्नुपरेन ।

हालोन बेसम्म पुग्न निर्माण गरिएका फराकिला हाइवेहरू, हाइवेका विभिन्न स्थानमा एकछिनका लागि गाडीबाट झरेर आराम गर्न, चमेना गर्न र शौचको लागि व्यवस्था गरिएका पार्क र स्टेसनहरू सफा र सुन्दर देखिन्छन् । यस्तै अनुभव सन् २०१३ मा चीनको पेचिङ, शाङ्घाई र इयुको भ्रमणताका र सन् २०१७ मा भारतको उत्तर प्रदेश र विहारको बौद्ध चक्र ( सर्किट) को भ्रमणको बेला पनि महसुस भएको थियो । हालोन बेको समुद्रको सयर गर्न डुङ्गा वा क्रुजहरूमा चढाउन बनाइएका टर्मिनल भवनहरू पनि साना र चिटिक्क देखिन्छन् जहाँ उपहारका सामान खरिद गर्न र चमेना गर्ने व्यवस्था पनि थियो । बिहानको खाना (लन्च) करिब १२ बजेतिर गराउँदै हालोन बेको समुद्री किनारको सयरले करिब ५ घण्टा लियो । अरु पर्यटक साथीहरू भन्थे, राति पनि क्रुजको यात्राको व्यवस्था छ जसमा रात्रि खाना र अरु सांस्कृतिक कार्यक्रमहरूको पनि अवलोकन गराइन्छ ।


**भियतनामको बाँस र बाँसको कपास**

भियतनामको राष्ट्रिय फूल कमलको धार्मिक, सांस्कृतिक र दैनिक जीवनमा महत्त्व रहेजस्तै बाँसलाई पनि भियतनामी जनजीवनको अभिन्न अङ्गको रूपमा लिइन्छ । ठुलठुला आँधीबेहरीमा रुखहरू ढल्ने गर्छन् । तर, बाँसहरू ढल्दैनन् किनभने यसमा लचकताका हुन्छ । आजभोलिको शब्दावलीमा यस्तो विशेषतालाई उत्थानशीलता ( Resillient) भनिन्छ । जतिसुकै दुःखकष्ट झेल्नुपरे पनि तुरुन्त तङ्ग्रीन सक्ने क्षमता वा अनूकुलनता छ । भियतनामीहरू साङ्केतिकरूपमा आफूलाई यही बाँसको विशेषतासँग तुलना गर्न रुचाउँछन् । यसबाहेक बाँसलाई निर्माण कार्यहरू, विभिन्न सुन्दर सामानहरू बनाउनका लागि पनि प्रयोग गरिन्छन् । भियतनाम युद्ध ताका विभिन्न भाला, धराप र जाल बुन्न पनि अत्यधिक बाँसको प्रयोग गरिएको मानिन्छ ।

तर, 'हालोन बे' (हालोन खाडी) अवलोकन र समुद्री सयरपछि यही बाँससँग सम्बन्धित स्थानको अवलोकन गर्न लगियो । अनुमान भइहाल्यो, हामीकहाँ जस्तो बाँसका कप्टेरो, न्याक, कफिटेबल आदि बाँसका कलासँग सम्बन्धित कुराहरूकै कारखानामा अवलोकन गराइने भयो । तर, अनुमानविपरीत बाँसको फाइबरले बनेका कपडाबाट बनेका लुगाफाटाहरूको बिक्री कक्षमा लगियो । बिक्री कक्षमा लगिनुपूर्व बाँसको फाइबर र सामान्य कपासमा के भिन्नता छ भन्नेबारेमा एउटा सानो हलमा राखेर डेमो गरियो । प्रयोगात्मक तरिकाले दुईवटा छुट्टाछुट्टै पानीको ग्लासमध्ये एउटा ग्लासमा एक डल्लो कपास र अर्को ग्लासमा त्यत्तिकै मात्राको बाँसको फाइबरको डल्लो राख्यो । कपासको डल्लो पानीको सतहमै तैरिरह्यो र फाइबारको डल्लो एकै छिनमा गर्‍हौं भएर ग्लासको पिँढमा पुग्यो । प्रमाणित गर्न खोजेको- कपासले बनेको सामान्य कपडाले भन्दा बाँसको फाइबरले बनेको कपडाले चाँडै

*ठुलठुला आँधीबेहरीमा रुखहरू ढल्ने गर्छन् । तर, बाँसहरू ढल्दैनन् किनभने यसमा लचकताका हुन्छ । आजभोलिको शब्दावलीमा यस्तो विशेषतालाई उत्थानशीलता (Resillient) भनिन्छ । जतिसुकै दुःखकष्ट झेल्नुपरे पनि तुरुन्त तङ्ग्रीन सक्ने क्षमता वा अनूकुलनता छ । भियतनामीहरू साङ्केतिकरूपमा आफूलाई यही बाँसको विशेषतासँग तुलना गर्न रुचाउँछन् ।*

र धेरै पानी सोच्छ । साथै, बाँसको फाइबरले बनेको कपडा लगाउँदा छालाको एलर्जी नहुने, यस्तो फाइबरको मोजा लगाउँदा नगन्हाउने, गर्मीमा शरीरबाट ताप बाहिर फाल्ने र जाडोमा भित्र सोसी राख्ने भएकोले सामान्य कपडाभन्दा यसको उपयोगिता धेरै भएको जानकारी गराइयो र पछि बिक्री कक्षमा लगियो । नितान्त नयाँ र वैज्ञानिकजस्तो लागेकोले प्रयोग गरेर हेर्ने मनसायले हामी सबै साथीभाइ मिलेर मोजा, तौलिया, घाँटी, घुँडा, हातमा लगाउने बेल्ट, सर्ट आदि सामान खरिद गरी घरमा पुगेर यसको प्रयोगको सपना बुन्दै हामी बाहिरियौँ ।



हालोन बेको एक थुम्कोभित्रको विशाल स्वर्ग दरबार गुफा




संरा अमेरिकाको क्यालिफोर्निया राज्यको हलिउड सहरको डल्बी थियटरमा भइरहेको ९६ औँ एकेडेमी अवार्डस् आयोजनास्थल बाहिर प्यालेस्टिनमा अनमनर संहार अविलम्ब बन्द हुनुपर्ने माग राखी विरोध प्रदर्शन गर्दै न्यायप्रेमी अमेरिकी जनता मार्च १०, २०२४ का दिन प्रदर्शनकारीहरूले नरसंहारका पक्षधरहरूलाई एकेडेमी अवार्डस् दिन नहुने माग गरेका थिए । *तस्बिर : एएफपी*

# रुसी राष्ट्रपतीय निर्वाचन : पुटिनसँगको प्रतिस्पर्धामा तीन नयाँ अनुहार

मस्को, ११ मार्च (एएफपी) । युक्रेनमा रुसको चुनावी अभियानका कारण उत्पन्न उथलपुथलका बाबजुद रुसमा आगामी शुक्रबारदेखि आइतबारसम्म राष्ट्रपतिको निर्वाचन हुँदैछ ।

निर्वाचनले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई थप ६ वर्षको कार्यकालका लागि अनुमोदन गर्नेमा कुनै शङ्का छैन ।

चुनावी अभियानमा युक्रेन आक्रमणको विपक्षमा रहेका बोरिस नादेज्दिन र येकातेरिना डन्टसोभाले आफ्नो उम्मेदवारीको समर्थनमा दसौँ हजार हस्ताक्षर सङ्कलन गर्दै उम्मेदवारीको घोषणा गरेका थिए । तर, उनीहरूको उम्मेदवारी अस्वीकृत भएको छ ।

पुटिनबाहेक राष्ट्रवादी कन्जरभेटिभ लिओनिद स्लट्स्की, कम्युनिस्ट पार्टीका निकोलाई खारिटोनोभ र प्रसिद्ध व्यापारी भ्लादिस्लाभ दाभानकोभ गरी तीन जना पुटिनसँगको प्रतिस्पर्धामा रहेका छन् । तीनै जनाले युक्रेनविरूद्ध भइरहेको रुसको आक्रमणलाई समर्थन गरेका छन् ।

क्रेमलिनका आलोचकहरूले यी तीन उम्मेदवारको भूमिका विपक्षीहरूलाई दमन गरी पाखा लगाइएको वा देशभित्र उनीहरूको राजनीतिक भूमिका नै अन्त्य गरिएको समयमा मतदानमा बहुलवादी रङ भर्ने र पुटिनविरोधी आलोचनालाई कमजोर पार्ने रहेको औँल्याएका छन् ।

स्वतन्त्र पर्यवेक्षकहरूले पनि मतदानमा धाँधली, मतपत्रमा अनियमितरूपमा गैर-मतदाताबाट छाप हान्ने र यथास्थितिलाई समर्थन गर्न राज्यका लाखौँ कर्मचारीहरूलाई प्रयोग गर्नेजस्ता कार्यहरू हुनसक्ने बताएका छन् ।

करिब एक महिना पहिले जेलमा मृत्यु भएको भनिएका विपक्षी नेता एलेक्सी नभाल्नी र उहाँकी पत्नी युलिया नाभाल्नायाले आह्वान गरेअनुसार नेता पुटिनको कार्यकाललाई लम्ब्याउन गरिने 'तथाकथित निर्वाचन' को विरोधमा कुनै विरोध प्रदर्शन हुन सक्छ कि सक्दैन अहिले विश्वको ध्यान त्यसतर्फ गएको छ । गत महिना मस्कोमा नभाल्नीको अन्त्येष्टिमा हजारौँ समर्थकले सरकारविरोधी नारा लगाएका थिए ।

नभाल्नीकीको मृत्युका कारण शोकमा रहेकी उहाँकी पत्नीले आफ्ना समर्थकलाई आइतबार स्थानीय समयअनुसार बिहान ९ बजे मतदान केन्द्रमा आएर पुटिनबाहेक अरुलाई मतदान गरेर वा मतपत्रमा 'नाभाल्नी' लेखेर मतदान रद्द गर्दै विरोध गर्न आग्रह गर्नुभएको छ ।

निर्वाचनको परिणाममा कुनै शङ्का नभए पनि पुटिनको आन्तरिक र अन्तर्राष्ट्रिय वैधतालाई मजबुत बनाउन सरकारले कडा अभियान चलाइरहेको छ । युक्रेनमा रुसी आक्रमणको सफलताका र विपक्षीहरूको आवाज दमनमा परेको समय भएकोले नेता पुटिन अहिले सहज स्थितिमा रहनुभएको छ । कीभका लागि पश्चिमी समर्थन र रुसविरूद्धको व्यापक प्रतिबन्धहरूको बाबजुद रुसी अर्थव्यवस्था लचिलो साबित भएको छ ।

पुटिनले हालैका हप्ताहरूमा सञ्चारमाध्यममा उपस्थिति बढाउनुभएको छ । विद्यार्थीहरूलाई भेट्नुभएको छ । कारखानाहरूमा पुगी श्रमिकहरूको मन जित्ने कोशिश गर्दै उनीहरूको लाभका लागि व्यापक आश्वासन दिनुभएको छ ।

यद्यपि, रुसी राष्ट्रपतिले करिब २५ वर्षअघि सत्तामा आएदेखि अहिलेसम्म चुनावी बहसमा भाग लिनुभएको छैन र अहिले पनि यो सम्भावना छैन । गत महिना 'स्टेट अफ द नेसन' को भाषणमा राष्ट्रपति पुटिनले विद्यालय र पूर्वाधारको आधुनिकीकरण, गरिबी निवारण, वातावरण संरक्षण र प्रविधिको विकासका लागि अर्बौं रुबल प्रदान गर्दै बजेट प्रतिबद्धताको लामो शृङ्खलाको घोषणा गर्नुभएको थियो । कम्तीमा सन् २०३० सम्मका लागि सरकारको योजना सार्वजनिक गरिएको सम्बोधनमा पुटिनले रुसको एकता र विकासमा जोड दिनुभएको छ ।

यद्यपि, युद्धपछि पनि रुसी अर्थव्यवस्था अपेक्षा गरेभन्दा सहज अवस्थामा देखिएको भएपनि धेरै रुसीहरू युक्रेनविरूद्धको अभियानले उत्पन्न अस्थिरताको बारेमा चिन्तित छन् भने विशेष गरी खाद्यान्नलगायत उपभोग्य वस्तुको बढ्दो मूल्यप्रति चिन्तित छन् ।

युक्रेन युद्धमा हजारौँ युवा लडिरहेका वा मृत्यु भएका कारण श्रमको अभाव बढेको छ भने लाखौँ अन्य मानिसहरू द्वन्द्वको विरोध गरेका कारण वा सैन्य सेवाबाट बच्न विदेश पलायन भएका छन् । आफ्ना प्रियजनलाई मोर्चाबाट फर्कन दिइयोस् भन्ने माग गर्दै आएका सैनिकका पत्नीहरूले हालैका महिनाहरूमा गरेको प्रदर्शनमा अधिकारीहरूले निकै कडाइ गरेका छन् ।

देशभरि देशभक्तिका पोस्टरहरू टाँसिएको छ, जसमा रुसीहरूलाई मतदान गर्न आह्वान गरिएको छ । चुनावी पोस्टरमा युक्रेनमा रुसी सेनाले प्रयोग गरेको 'भी' चिह्न र 'सँगै हामी बलियो छौँ' भन्ने नारा छापिएको छ र भनिएको छ, "आउनुहोस् रुसको लागि मतदान गरौँ !" पुटिनले गत डिसेम्बरमा मतदानमा सम्भावित 'विदेशी हस्तक्षेप' बारे चेतावनी दिँदै 'कडा प्रतिक्रिया' दिने प्रतिवद्धता जनाउनुभएको थियो ।

गत साता रुसी प्रशासनले अमेरिकी राजदूत लिन ट्रेसीलाई बोलाएर अमेरिकी आर्थिक सहयोगमा सञ्चालित गैरसरकारी संस्थाहरूले निर्वाचनबारे 'गलत सूचना फैलाएको' आरोप लगाएको थियो । जारी द्वन्द्वका बिच रुसी अधिकारीहरूले सामान्य अवस्था प्रस्तुत गर्न खोजेको विरोधाभासको सङ्केतको रूपमा युक्रेनको रुसी नियन्त्रित क्षेत्रहरूमा मतदान हुनेछ ।

रुसले सन् २०२२ मा युक्रेनका चार क्षेत्रलाई एकतर्फीरूपमा आफ्नो कब्जामा लिएको घोषणा गरेको थियो । अहिले रुसी कब्जामा लिइएका स्थानीय बासिन्दालाई धम्की र हिंसाको सिकार बनाइँदैछ र उनीहरूलाई मतदान गर्न बाध्य पारिदै गरिएको आरोप कीभले लगाएको छ ।

मस्कोले मतदानका लागि अनावश्यक दमन र हिंसाको खेल खेलिएको भन्ने युक्रेनी आरोपको खण्डन गर्दै आएको छ । युक्रेनमा तैनाथ रुसी सैनिकले तत्काल रुसी निर्वाचनका लागि मतदान गर्ने वातावरण भने देखिएको छैन ।

# मङ्गोलियामा कठोर जाडोका कारण ३९ लाखभन्दा बढी चौपायाको मृत्यु

उलान बाटोर, ११ मार्च ( सिन्ह्वा) । मङ्गोलियामा यो वर्षको अत्यधिक चिसो हिउँदे मौसमका कारण मृत्यु हुने गाईवस्तुहरूको सङ्ख्या ३९ लाख २५ हजार ७३४ पुगेको यहाँको राष्ट्रिय विपत् आयोग (एसईसी) ले सोमबार जनाएको छ ।

मङ्गोलियाका २१ प्रान्तहरूमध्य पूर्वी सुखबातर प्रान्तमा स्थानीय भाषामा 'जुड' भनिने कडा चिसोबाट सबैभन्दा बढी प्रभावित भएको छ । यहाँ ११ लाखभन्दा बढी गाईवस्तुहरूको मृत्यु भएको एसईसीले जनाएको छ ।

चिसोका कारण हिउँ पर्ने र जमिन जमेको हिउँले ढाकिएको कारण ठुलो सङ्ख्यामा प्राणीहरू मर्छन् । मङ्गोलियाको मौसम अनुगमन निकायका अनुसार मङ्गोलियाले यस वर्षको जाडोमा सामान्यभन्दा धेरै हिम वर्षा र जाडोको सामना गरेको छ । मङ्गोलियाको लगभग ८० प्रतिशत क्षेत्र हिउँले ढाकिएको छ । जीवित घुमन्तेहरूको देश मङ्गोलियाले कठोर जाडोले ठुलो पशुधनको क्षतिको कारण यसको प्रकोप तयारीलाई उच्च बनाएको छ ।

पशुपालनको प्रवर्द्धनलाई जमिनले घेरिएको देशको खानीमा निर्भर अर्थतन्त्रलाई विविधीकरण गर्ने सबैभन्दा व्यावहारिक तरिकाको रूपमा हेरिन्छ । सन् २०२३ को अन्त्यमा मङ्गोलियामा पशुधनको सङ्ख्या ६ करोड ४७ लाख रहेको राष्ट्रिय तथ्याङ्क कार्यालयले जनाएको छ ।

# दक्षिण कोरियामा करिब पाँच हजार चिकित्सकको लाइसेन्स निलम्बन गर्ने सरकारको चेतावनी

सियोल, ११ मार्च (एएफपी) । दक्षिण कोरियाले सरकारी चिकित्सा प्रशिक्षण सुधारको विरोधमा राजीनामा दिएका र काम गर्न छाडेका चार हजार ९०० जुनियर चिकित्सकको मेडिकल लाइसेन्स निलम्बन गर्ने प्रक्रिया सुरु गरेको जनाएको छ ।

चिकित्सकहरूको सङ्ख्या बढाउने सरकारी योजनाको विरोधमा फेब्रुअरी २० देखि सुरु भएको हड्तालले दक्षिण कोरियामा चिकित्सकको अभाव र दक्षिण कोरियाको बढ्दो वृद्ध जनसङ्ख्याको सामना गर्न आवश्यक जनशक्तिको अभाव भएको छ ।

चिकित्सकहरूले सरकारी योजनाले चिकित्सकीय सेवाको गुणस्तर घटाउने तर्क गरेका छन् । सरकारको कार्यादेश र कानुनी कारबाहीको धम्कीको बाबजुद करिब १२ हजार जुनियर चिकित्सक अर्थात् प्रशिक्षार्थी चिकित्सकको ९३ प्रतिशत सरकारको अन्तिम गणनामा उनीहरूको अस्पतालमा सेवारत छैनन् ।

प्रशिक्षार्थी चिकित्सकको आन्दोलनले सियोललाई लाखौँ डलर राज्यको भण्डारमा रहेको लाखौँ अमेरिकी डलर र सैन्य चिकित्सकलाई परिचालन गरी सर्वसाधारणलाई सहयोग गर्न बाध्य बनाएको छ ।

स्वास्थ्य मन्त्रालयले सोमबार हजारौँ प्रशिक्षार्थी चिकित्सकलाई आफ्नो अस्पताल फर्कन भनिएको विशेष आदेशको अवज्ञा गरेपछि चिकित्सकलाई मेडिकल लाइसेन्स निलम्बन गर्ने कारबाहीको पहिलो कदमका रूपमा प्रशासनिक सूचना पठाएको जनाएको छ ।

स्वास्थ्य मन्त्रालयको स्वास्थ्य तथा चिकित्सा नीति महाशाखाका निर्देशक चुन बयुङ-वाङले भन्नुभयो, "मार्च ८ सम्ममा चार हजार ९०० भन्दा बढी प्रशिक्षार्थी चिकित्सकलाई सेवामा फर्किन सूचना पठाइएको छ ।" सरकारले यसअघि नै हडतालमा उत्रिएका चिकित्सकलाई तीन महिनाका लागि लाइसेन्स निलम्बन गर्ने चेतावनी दिइसकेको थियो । यसका कारण विशेषज्ञका रूपमा योग्य हुन सक्ने क्षमता कम्तीमा एक वर्ष ढिला हुने बताइएको छ ।

चुनले हडतालमा रहेका चिकित्सकलाई आफ्ना बिरामीकहाँ फर्कन आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "प्रशासनिक व्यवस्था पूरा हुनुअगावै काममा फर्केमा प्रशिक्षार्थी चिकित्सकलाई सरकारले परिस्थितिलाई ध्यानमा राखेर संरक्षण गर्नेछ । अहिले काममा फर्कने चिकित्सकले कारबाहीबाट बच्न सक्छन् ।"

उहाँले थप्नुभयो, "सरकार वार्ता गर्न छोड्दैन । संवादको लागि ढोका सधैँ खुला छ । सरकारले चिकित्सा सुधारको सहयात्रीका रूपमा चिकित्सा क्षेत्रको विचारलाई सम्मान गर्नेछ र विशेषरूपमा मनन गर्नेछ ।" सरकारले गत हप्ता प्रशिक्षार्थी चिकित्सकहरूको तलब र सर्तहरू सुधार गर्न नयाँ उपायहरूको घोषणा गरेको थियो र यसको साथै लगातार ३६ घण्टा कार्य अवधिको समीक्षा गर्ने बताएको थियो । यसले जुनियर चिकित्सकको पक्षमा काम गर्ने अधिकारीहरूको भनाइ छ ।

चिकित्सकको हडतालका कारण धेरै शल्यक्रिया सेवा रद्द हुनु र सेवाका लागि लामो समय पर्खनुपर्नेजस्ता प्रमुख अस्पतालका सेवामा ढिलाइ भएको छ । सियोलले सैन्य चिकित्सकहरू परिचालन गरेको छ र सेवाको कमीलाई न्यूनीकरण गर्नको लागि राज्य कोषबाट लाखौँ डलर विनियाजन गरेको छ, तर त्यहाँ पूर्ण स्वास्थ्य सङ्कट छ भन्ने कुरा अस्वीकार गरेको छ ।

चुनले भन्नुभयो, "सैन्य चिकित्सकहरूले यसै हप्ता बुधबारदेखि नागरिक अस्पतालहरूमा काम सुरु गर्नेछन् ।" दक्षिण कोरियाको कानुनअनुसार चिकित्सकलाई हडताल गर्न प्रतिबन्ध लगाइएको छ र स्वास्थ्य मन्त्रालयले प्रहरीलाई काम रोक्ने सम्बन्धित चिकित्सकमाथि अनुसन्धान गर्न भनेको छ ।

सरकारले विकसित राष्ट्रहरूमध्ये सबैभन्दा कम चिकित्सक-जनसङ्ख्या अनुपातलाई सम्बोधन गर्न आगामी वर्षदेखि वार्षिक दुई हजारभन्दा बढी विद्यार्थीलाई मेडिकल विद्यालयमा भर्ना गर्ने तयारी गरेको छ ।

चिकित्सकहरूले सुधारले सेवाको गुणस्तर र चिकित्सा शिक्षालाई खस्काउने डर व्यक्त गरेका छन् । तर, सरकारको कार्यक्रमका अनुयायीहरूले चिकित्सकहरूले उनीहरूको तलब र सामाजिक स्थितिलाई सुरक्षित राख्न आन्दोलन गरिरहेको आरोप लगाएका छन् ।

# अस्ट्रेलिया : विमानमा प्राविधिक समस्या आउँदा बिरामी परेका १२ जना उपचारका लागि अस्पताल भर्ना

विलिङ्टन, ११ मार्च (एएफपी) । सिड्नीबाट अकल्यान्डका लागि उडेको लाटामको विमानमा प्राविधिक समस्या आएपछि एक्कासि कम्पन हुँदा बिरामी परेका १२ यात्रुलाई सोमबार अस्पताल भर्ना गरिएको विमान कम्पनी र सुरक्षाकर्मीले सोमबार एएफपीलाई जानकारी दिएका छन् ।

तस्मान सागरमा एलए ८०० विमानमा समस्या आएका कारण विमानमा कम्पन आउँदा कम्तीमा एक जनाको अवस्था गम्भीर रहेको बताइएको छ । यात्रुहरूले स्थानीय सञ्चारमाध्यमलाई बताएअनुसार विमानको उचाई एक्कासी गुमेको र सिटबेल्ट नभएकाहरू सीटमा उफ्रेका थिए ।

प्रत्यक्षदर्शी यात्रुले रेडियो नेटवर्क आरएनजेडसँग भन्नुभयो, "सिटबेल्ट नलगाएका कारण मानिसहरू सीटमा उफ्रिएका थिए ।" आवाज थरथर काँपिरहेको अवस्थामा उहाँले भन्नुभयो, "केही मानिस गम्भीर घाइते भएका छन् । यात्रुहरू पनि साँच्चै डराएका थिए ।"

चिलीस्थित एयरलाइन्सका प्रवक्ताले उडानका क्रममा भएको प्राविधिक घटनाका कारण विमानमा 'ठुलो हलचल' भएको बताउनुभएको छ । "विमान अकल्याण्ड विमानस्थलमा निर्धारित समयमा अवतरण गरेको थियो," उहाँले भन्नुभयो ।

घटनाको कारण खुल्न सकेको छैन । सेन्ट जोन न्युजिल्यान्ड एम्बुलेन्स सेवाका जेरार्ड क्याम्पबेलले विमान न्युजिल्यान्डको अकल्याण्ड सहरमा ओर्लिएपछि चिकित्सकलाई समस्याबारे जानकारी गराइएको बताउनुभयो । घाइतेको उपचारका लागि एक दर्जनभन्दा बढी एम्बुलेन्स र अन्य मेडिकल गाडीको टोली विमानस्थलमा पुगेको थियो ।

क्याम्पबेलले भन्नुभयो, "हाम्रो एम्बुलेन्स चालक दलले लगभग ५० जना बिरामीहरूको स्वास्थ्य परीक्षण र उपचार गरेको थियो, जसमा एक बिरामी गम्भीर अवस्थामा थिए र बाँकी मध्यमदेखि सामान्य अवस्थामा थिए ।" बिरामी सबै जनालाई अस्पताल पुऱ्याइएको उहाँले बताउनुभयो ।

लाटामका अनुसार 'बोइङ ७८७ ड्रीमलाइनर' विमानमा उडानका क्रममा समस्या आएको हो । अमेरिकी विमान निर्माता कम्पनी बोइङले हालैका वर्षहरूमा घातक लायन एयर र इथियोपियन एयरलाइन्सका ७३७ म्याक्स विमानहरूमा दुर्घटनाग्रस्त भएकालगायत सुरक्षा समस्याहरूको शृङ्खलाको सामना गर्नुपरेको छ । एअरलाइन्सले भनेको छ, "यस परिस्थितिले निम्त्याएको असुविधाप्रति लाटाम गहिरो खेद प्रकट गर्दछ ।"

# वैदेशिक रोजगारको विकराल अवस्था

✍ जे.पी. तिमिल्सिना

**बर्सेनि पाँच लाख युवाहरू, श्रम बजारको निम्ति तयार हुन्छन्। सबैजसो वैदेशिक रोजगारमा जाने अवस्था भइसक्यो। ६७ वर्षमा १५ वटा योजना बने तर स्वदेशमै रोजगारी बढाउन हरेक योजना असफल भएको देखिन्छ।**

मङ्गलबार बिहानको भोजनपछि मेरो यात्रा सानो ठिमीतिर सुरु भयो। शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा मेरो एक जना साथीसँग भेटघाटको योजना थियो। भक्तपुरको दूधपाटीबाट हिँडेको बस सानो ठिमी क्याम्पस नजिकै टक्क रोकियो। मुख्य सडक छोडेर परीक्षा नियन्त्रण कार्यालय नजिकै पुगेको थिएँ। एउटा सरकारी कार्यालयमा हातमा कागजात समाएका विद्यार्थीको भेषमा सयौँको लाइन देखियो। मेरो मनमा खुल्दुली उत्पन्न भयो। यति धेरै युवायुवतीहरू के गर्दै होलान् ? कुनै कलेजको परीक्षा फार्म भर्ने होला कि या कुनै रोजगार दिने सरकारी अफिस पो हो कि ? अफिसको नजिकै बसेर दृश्य अवलोकन गरेँ। त्यो त नेपाली विद्यार्थीलाई विदेश पठाउने आधिकारिक सरकारी निकाय रहेछ। बोर्डमा हेरेँ। त्यो शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय वैदेशिक अध्ययन अनुमति शाखा ( NOC) कार्यालय रहेछ। मलाई दु:ख लाग्यो, यी युवा युवतीहरूको लाइन देखेर। निजीरूपमा विदेश पढ्न पठाउने कन्सल्ट्यान्सिहरू, म्यानपावर कम्पनीहरूलगायत अन्य संस्थाको बारेमा अलिकति जानकारी थियो। तर, सरकारले नै विद्यार्थीलाई विदेश पठाउने अफिस नै खडा गरेको थाहा थिएन। मैले आफ्नो परिचय नदिएरै वैदेशिक अध्ययनको बारेमा धेरै जानकारीहरू बटुलेँ, केही तथ्याङ्कहरू सङ्कलन गरेँ। उक्त कार्यालयबाट मैले जानकारी पाएअनुसार २०८० फागुन १ देखि १७ सम्मको तथ्याङ्क यस्तो छ - क्यानडा १३५५३, जापान १२१२७, अस्ट्रेलिया ११०८२, बेलायत ७७३७, अमेरिका ५७६३, कोरिया ३४१८ लगायत अन्यत्र गरी ५९ वटा देशमा ६१७३२ जनाले एनओसी लिएका रहेछन्।

आर्थिकरूपले निकै ऊर्जाशील अथवा उत्पादनशील उमेर १८ वर्षदेखि ४४ वर्षको हो। तर, देशका वैदेशिक रोजगारीमा जानेमध्ये आधाभन्दा बढी २५ देखि ३५ वर्षका व्यक्ति छन्। हिजो हामीले तिरस्कार गरेको पञ्चायती व्यवस्थाले बनाएका भन्दा धेरै उद्योग बन्नेछन्, लाखौँले स्वदेशमै रोजगार पाउनेछन् भन्ने नेपालीको भावनालाई कुल्चिएर नेका, एमाले र माओवादी सरकारले सबै उद्योगधन्दा, नदीनाला कौडीको मूल्यमा बेचे। युवाहरूलाई देश विकासमा लगाउलान् भनेको उल्टै गाउँगाउँमा फ्रि भिसा र फ्रि टिकटको नाममा ऊर्जाशील युवालाई पलायन गराउने काम भयो। नेपालबाट विदेश जाने नेपालीको अव्यवस्थालाई अझै गहिरिएर बुझ्न अध्यागमन विभागका सूचनालाई हेर्दा अझै दर्दनाक र कहालीलाग्दो दृश्य देख्न सकिन्छ। अध्यागमन विभागले प्रकाशित गरेको तथ्याङ्कअनुसार सन् २०२३ मा नेपाल छोड्नेहरू १६,०३,८३६ (सोन्ह लाख तीन हजार आठ सय छत्तीस) जना रहेका छन्। उक्त तथ्याङ्कअन्तर्गत स्थायी बसोबासमा साठी हजार नौ सय पन्ध्र ( ६०,९१५) जना, अस्थायी बसोबासको लागि बयानब्बे हजार तीन सय पन्ध्र (९२,३१५) जना, पारिवारिक भेटघाटमा एक लाख सत्सट्ठी हजार, वैदेशिक रोजगारीका लागि आठ लाख आठ हजार, अध्ययनको लागि एक लाख अठार हजार चार सय जना छन् भने अन्य प्रयोजनको रूपमा बिदेसिने, सरकारसँग अनुमति नलिई जानेहरू, भारतमा जानेहरू तथा भारतको बाटो भएर अन्य देशमा जानेहरूको सङ्ख्या यसको दोब्बरभन्दा धेरै हुनसक्छ। नेपालबाट बाहिरिनेको तुलनामा फिर्ता हुनेहरू धेरै कम देखिन्छन्। वैदेशिक रोजगार विभागका अनुसार अघिल्लो वर्ष अथवा २०७९ को असार महिनासम्म श्रम स्वीकृति लिएर ६ लाख तीस हजार युवा बिदेसिएका छन्। गत वर्ष दैनिक सत्र सयसम्म थिए भने यो वर्ष दैनिक एक्कासि सयभन्दा धेरै विदेश गएका छन्। यी माथिका तथ्याङ्कलाई विश्लेषण गर्ने हो भने अबको पाँच वर्ष वा दस वर्षको नेपालको अवस्था कस्तो होला ? युवा जनशक्तिविनाको, बुढाबुढी, अपाङ्ग, रोगी, केटाकेटीको मात्रै देश भयो भने भविष्य के होला ? जुन देशमा मस्तिष्क, मशल, मनि (पैसा) रहँदैन त्यो देशको भविष्य के कल्पना गर्न सकिन्छ र ? समयमै देशको यो दुर्दशा बनाउनेहरूलाई चिन्न सकेनौँ भने थप दुख भोग्नुपर्ने देखिन्छ। आफूलाई कम्युनिस्ट, प्रगतिशील भन्नेहरू नेपालमै रोजगार सृजना हुने उद्योगधन्दा र कलकारखना खोल्नुपर्ने, अझै थप वैदेशिक रोजगार सृजना गर्ने भन्दै हिँडेको देखिन्छ। हालसम्म नेपालले श्रम रोजगारको निम्ति अनुमति १११ वटा देशमा दिएको छ भने व्यक्तिगतरूपमा १५० जति देशमा आप्रवासीको रूपमा जान स्वीकृति दिएको बुझिएको छ।

बर्सेनि पाँच लाख युवाहरू, श्रम बजारको निम्ति तयार हुन्छन्। सबैजसो वैदेशिक रोजगारमा जाने अवस्था भइसक्यो। ६७ वर्षमा १५ वटा योजना बने तर स्वदेशमै रोजगारी बढाउन हरेक योजना असफल भएको देखिन्छ।

सिस्नो रोपेर तुलसी उम्रँदैन भनेझैँ हामीले देखेका, भोगेका सबै समस्याको जड वर्तमानमा राज्य व्यवस्था नै हो। नेपालको शिक्षा क्षेत्रको जग नै खल्बलिएको छ; कमजोर छ। हाम्रा बुद्धिजीवीहरू, शिक्षकहरू असल, सक्षम, देशप्रेमी र प्रगतिशील हुनुपर्छ। हरेक अभिभावकहरूले आफ्ना केटाकेटीको शिक्षामा ध्यान दिनुपर्ने बेला भएको छ। हरेक विद्यालय, कलेज र विश्वविद्यालयलाई जनताको सेवामा लगाउनुपर्ने छ। प्रत्येक शिक्षक, कर्मचारी तथा प्राध्यापकहरूलाई हरेक नेपालीले भन्नुपरेको छ कि, मेरो सन्तानलाई शिक्षक तथा प्राध्यापकहरूले देशमा आइपर्ने समस्याको सामना गर्नसक्ने, आफ्नो लागि आफैँले बाँच्न सक्ने ज्ञान, सिप सिकाइदिनुहोस्, जीवन सङ्घर्ष हो, सङ्घर्ष नै जीवन हो भनेर सिकाइदिनुहोस्। नेपाली माटोको माया गर्ने, नेपाली माटोमै जीउन सिकाइदिनुहोस्,। गौरवमय इतिहास भएका हाम्रा पुर्खाको त्याग, तपस्या र समर्पणलाई फेरि बिउँझनुपरेको छ।

देशका शासकहरूले देश बनाउने खालको शिक्षा नीति ल्याएनन्; देशलाई माया गर्ने शिक्षा व्यवस्था गर्न सकेनन्। उनीहरूले देशलाई आफ्नै खुट्टामा उभिने शिक्षा प्रणाली ल्याउन सकेनन्। उनीहरूले क्युवा, उत्तर कोरिया र चीनको जस्तो उत्पादन श्रमसँग जोडिएको, देश बनाउने, देशलाई माया गर्ने शिक्षाको व्यवस्था गर्न सकेनन्। त्यसैले, आज देशको अवस्था बेहाल भइरहेको छ। उनीहरू विदेशीले थोपरेको सहयोगमा मख्ख परेर गौरव गर्छन्। उनीहरूले देशको अर्थतन्त्र विदेशीलाई सुम्पँदै आएका छन्। हाम्रा प्रधानमन्त्री, मन्त्री, सांसद तथा उच्चपदस्थ कर्मचारीहरू विदेशीको पैसामा विदेश सयर गरेको खबर सञ्चारमाध्यममा आउन थालेका छन्। सित्तैमा विदेश भ्रमण गर्न पायो भन्दैमा, विदेशीले लावा लस्करसहित रातो कार्पेट बिछ्याएर भव्य स्वागत गऱ्यो भन्दैमा मख्ख पर्नु राम्रो होइन। हाम्रा प्रम, मन्त्री र सांसदहरूलाई विदेशीले सित्तैमा विभिन्न सहयोगको नाममा त्यसै पैसाको खोलो बगाउँछन् र विदेशीले हामीलाई उनीहरूको पासोमा फसाउन लाग्यो है भन्ने कुरा बुझ्नु आवश्यक छ। विदेशीहरूले यसरी नै एसिया, अफ्रिका, ल्याटिन अमेरिकी देशका नेता तथा शासकहरूलाई त्यस्तै सहयोगको पासो थापेर देश कब्जा गरेको, शासकहरूलाई पासोले बाँधेर आफ्नो उठसमा राखेको र आफूले भनेजस्तो नबस्ने नेताहरूको हत्या गरेको इतिहास हामीले बिर्सनुहुँदैन। आशा गरौँ, नयाँ पुस्ताले यी समस्यालाई चिर्दै नयाँ नेपाल बनाउने अभियानमा हातेमालो गर्नेछ। एक दिन नयाँ नेपालको निर्माण भएरै छाड्नेछ।

# कुसुन्तीमा लिफ्टसहितको अपाङ्गतामैत्री आकाशे पुलको शिलान्यास

पाटन (ललितपुर), २८ फागुन। ललितपुर महानगरको वडा नं १३ कुसुन्तीको चक्रपथमा लिफ्टसहितको अपाङ्गतामैत्री आकाशे पुलको शिलान्यास भएको छ। एकान्तकुना यातायात कार्यालयबाट सातदोबाटोतर्फ करिब पाँच मिटरको दूरीमा बन्न लागेको यो आकाशे पुलमा सडकको दुवैतर्फ लिफ्ट हुनेछ। ललितपुर महानगरपालिकाको रु. चार करोड ६८ लाख नौ हजार पाँच सय ६१ को लागतमा निर्माण सम्पन्न हुनेछ। एक वर्षभित्र निर्माण सम्पन्न हुने उक्त अपाङ्गमैत्री आकाशे पुलको महानगर प्रमुख चिरीबाबु महर्जनले सोमबार विशेष पूजासहित शिलान्यास गर्नुभएको हो।

आकाशे पुल निर्माणका लागि निर्माण व्यवसायी लामा/प्रगति/मणि/बुद्ध जेभीले महानगरसँग फागुन २० गते सम्झौता गरी २१ गतेदेखि १२ महिनाभित्र काम सम्पन्न गर्नेगरी ठेक्कामा लिएको महानगरका वरिष्ठ डिभिजनल इन्जिनियर प्रदीप पौडेलले राससलाई जानकारी दिनुभयो। यो आयोजनाको परामर्शदाता डिबी मल्टी इञ्जिनियरिङ प्राइभेट लिमिटेड रहेको छ। पुलको पाँच वर्षसम्मको मर्मतसम्भार निर्माण व्यवसायीले नै गर्नुपर्नेछ।

शिलान्यास कार्यक्रमलाई सम्बोधन गर्दै महानगर प्रमुख महर्जनले महानगरपालिकाले नयाँ नौलो काम गर्न रुचाउने बताउँदै यो सम्भवत: नेपालमै पहिलो भएको बताउनुभयो। "यो क्षेत्रमा दुर्घटना भएर १७ जनाभन्दा बढीले ज्यान गुमाइसकेका छन्। महानगरवासीलाई बचाउनका लागि यो काम गर्न धेरै मेहनत गर्नुपऱ्यो। अब पुल निर्माणका क्रममा कुनै पनि तहबाट बाधा व्यवधान हुँदैन भन्ने प्रतिबद्धता जनाउँछौँ। निर्माण व्यवसायी, परामर्शदाताबाट पनि यो काममा कुनै विलम्ब नहोस्", प्रमुख महर्जनले भन्नुभयो।

उहाँले कुनै पनि आयोजना समयमा सम्पन्न नहुने गरेका कारण नेपालमा ठेकेदारप्रति नकारात्मक धारणा रहेको भन्दै त्यस्तो यहाँ नहोस् भन्नुभयो। उहाँले आयोजना निर्माणमा सुरक्षा पहिलो प्राथमिकता भन्ने सिद्धान्तमा आधारित रहेर काम गर्न आग्रह गर्नुभयो। प्रमुख महर्जनले आयोजना निर्माणका क्रममा गुणस्तरमा कुनै हालतमा पनि सम्झौता हुँदैन भन्दै यसका लागि निर्माण कम्पनी, परामर्शदाता र यसमा संलग्न इन्जिनियरले ध्यान दिने विश्वास व्यक्त गर्नुभयो।

वडा नं १३ का अध्यक्ष गणेश केसीले चार वर्षको प्रयासपछि यो पुल निर्माणका लागि सडक विभागबाट भदौ ११ गते स्वीकृत पाएको बताउँदै यो क्षेत्रमा हुने सडक दुर्घटनाको जोखिम रोक्न लगातार काम गरेर समयअगावै सम्पन्न गर्न आग्रह गर्नुभयो।

परामर्शदाता डिबी मल्टी इञ्जिनियरिङ प्राइभेट लिमिटेडका प्रतिनिधि तथा आयोजनाका डिजाइनर विनोद न्यौपानेले सहरलाई सौन्दर्यीकरण हुनेगरी पुलको डिजाइन गरिएको बताउनुभयो। निर्माण व्यवसायी लामा प्रगति-मणि बुद्ध जेभी सञ्चालक चन्द्रबहादुर लामाले निर्माण व्यवसायीले चाहेरभन्दा पनि स्थानीयको समन्वय र सहकार्यका कारण निर्माण सम्पन्न छिटो हुने बताउनुभयो। उहाँले परामर्शदाताकोतर्फबाट कुनै परिवर्तन भएन र स्थानीयकोतर्फबाट कुनै बाधा अवरोध भएन भने समयभित्रै काम सम्पन्न हुन्छ भन्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

महानगरले बजेटको अभाव नहुने गरी सम्झौताअनुसारको रकम समयमा नै उपलब्ध गरायो भने गुणस्तरमा सम्झौता नगरी निर्माण सम्पन्न गरेर आयोजना हस्तान्तरण गर्ने उहाँले बताउनुभयो। रासस


## हार्दिक समवेदना



जन्म
१९९४/१०/०६

निधन
२०८०/११/२३

नेपाल मजदुर किसान पार्टीका वैकल्पिक केन्द्रीय सदस्य नारायणबहादुर दुवालकी ममतामयी माता तथा पार्टी एकाइ समिति वडा नं. ७ वाचुत्व खँचाका सदस्य धर्मलक्ष्मी दुवालका सासूआमा **नानीबेटी दुवाल**को दु:खद निधन भएको आज सातौँ दिन (न्हेनुमा) को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ।

**नेपाल मजदुर किसान पार्टी** वडा नं. ७ वाचुत्व खँचा
**नेपाल क्रान्तिकारी किसान सङ्घ** वडा नं. ७ वाचुत्व खँचा
**नेपाल क्रान्तिकारी मजदुर सङ्घ** वडा नं. ७ वाचुत्व खँचा
**नेपाल क्रान्तिकारी महिला सङ्घ** वडा नं. ७ वाचुत्व खँचा
**नेपाल क्रान्तिकारी युवा सङ्घ** वडा नं. ७ वाचुत्व खँचा
**नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ** वडा नं. ७ वाचुत्व खँचा
**नेपाल क्रान्तिकारी शिक्षक सङ्घ** वडा नं. ७ वाचुत्व खँचा



## भक्तपुर नगरपालिका
### अन्तरनगर महिला कबड्डी प्रतियोगिता-२०८०

### खेल तालिका

**सहभागि टिमहरू:**

| समूह क | समूह ख | समूह ग | समूह घ |
|---|---|---|---|
| १) भक्तपुर न.पा.(भक्तपुर) | १) वुटवल उ.म.न.पा.(रुपन्देही) | १) मेलौली न.पा.(बैतडी) | १) मिमदत्त न.पा.(कन्चनपुर) |
| २) मध्यपुर न.पा.(भक्तपुर) | २) विराटनगर म.न.पा.(मोरङ्ग) | २) सिद्धिचरण न.पा.(ओखलढुङ्गा) | २) कीर्तिपर न.पा.(काडमाण्डौं) |
| ३) काठमाण्डौं म.न.पा.(काठमाण्डौं) | ३) गोदावरी न.पा.(लालितपुर) | ३) कलैया उ.म.न.पा.(बारा) | ३) पनौती न.पा.(काभ्रे) |
| | ४) महाकाली न.पा.(दार्चुला) | ४) पोखरा म.न.पा.(कास्की) | ४) बनेपा न.पा.(काभ्रे) |

**लिगचरणका खेल तालिका:**

| खेल नं. | विवरण | मिति | समय |
|---|---|---|---|
| १ | क(१) Vs क(२) | २०८० फागुन २९ गते | दिनको १२:३० बजे |
| २ | ख(१) Vs ख(२) | २०८० फागुन २९ गते | दिनको १:१५ बजे |
| ३ | ग(१) Vs ग(२) | २०८० फागुन २९ गते | दिनको २:०० बजे |
| ४ | घ(१) Vs घ(२) | २०८० फागुन २९ गते | दिनको २:४५ बजे |
| ५ | घ(३) Vs घ(४) | २०८० फागुन २९ गते | दिनको ३:१५ बजे |
| ६ | ख(३) Vs ख(४) | २०८० फागुन २९ गते | दिनको ४:०० बजे |
| ७ | ख(१) Vs ख(४) | २०८० फागुन ३० गते | बिहान ८:०० बजे |
| ८ | ग(१) Vs ग(४) | २०८० फागुन ३० गते | बिहान ८:४५ बजे |
| ९ | घ(१) Vs घ(४) | २०८० फागुन ३० गते | बिहान ९:३० बजे |
| १० | ख(२) Vs ख(३) | २०८० फागुन ३० गते | बिहान १०:१५ बजे |
| ११ | क(२) Vs क(३) | २०८० फागुन ३० गते | बिहान ११:०० बजे |
| १२ | ग(२) Vs ग(४) | २०८० फागुन ३० गते | दिनको २:०० बजे |
| १३ | घ(२) Vs घ(४) | २०८० फागुन ३० गते | दिनको २:४५ बजे |
| १४ | ख(१) Vs ख(३) | २०८० फागुन ३० गते | दिनको ३:१५ बजे |
| १५ | ग(१) Vs ग(३) | २०८० फागुन ३० गते | दिनको ४:०० बजे |
| १६ | क(१) Vs क(३) | २०८० फागुन ३० गते | दिनको ४:४५ बजे |
| १७ | ख(२) Vs ख(४) | २०८० चैत्र ०१ गते | बिहान ८:०० बजे |
| १८ | ग(२) Vs ग(३) | २०८० चैत्र ०१ गते | बिहान ८:४५ बजे |
| १९ | घ(२) Vs घ(३) | २०८० चैत्र ०१ गते | बिहान ९:३० बजे |
| २० | ग(३) Vs ग(४) | २०८० चैत्र ०१ गते | दिनको २:०० बजे |
| २१ | घ(१) Vs घ(३) | २०८० चैत्र ०१ गते | दिनको २:४५ बजे |

**क्वाटर फाइनलका खेल तालिका:**

खेल नं. २२ — समुह(क) को विजेता Vs समुह(ग) को उप विजेता — २०८० चैत्र ०२ गते, बिहान ८:०० बजे
खेल नं. २३ — समुह(ख) को विजेता Vs समुह(घ) को उप विजेता — २०८० चैत्र ०२ गते, बिहान ८:४५ बजे
खेल नं. २४ — समुह(ग) को विजेता Vs समुह(क) को उप विजेता — २०८० चैत्र ०२ गते, बिहान ९:३० बजे
खेल नं. २५ — समुह(घ) को विजेता Vs समुह(ख) को उप विजेता — २०८० चैत्र ०२ गते, बिहान १०:१५ बजे

**सेमी फाइनलका खेल तालिका:**

खेल नं. २६ — खेल नं. २२ को विजेता Vs खेल नं. २३ को विजेता — २०८० चैत्र ०२ गते, दिनको ३:०० बजे
खेल नं. २७ — खेल नं. २४ को विजेता Vs खेल नं. २५ को विजेता — २०८० चैत्र ०२ गते, दिनको ४:०० बजे

**फाइनल खेल तालिका:**

खेल नं. २८ — खेल नं. २६ को विजेता Vs खेल नं. २७ को विजेता

# हार्दिक श्रद्धाञ्जली



जन्म
१९९५/०६/०७

निधन
२०८०/११/२३

**विष्णुभक्त प्रजापति**

हाम्रा पूजनीय पिता/ससुरा बुबा/बाजे **विष्णुभक्त प्रजापति**को दु:खद निधन भएको आज सातौँ दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ ।

| छोरी/ज्वाइँहरू | नाति/नातिनी/ बुहारीहरू | नाति/नातिनी/ बुहारीहरू | पनाति/पनातिनीहरू | पनाति/पनातिनीहरू |
|---|---|---|---|---|
| विष्णुकेशरी प्रजापति | राजेन्द्र/सावित्री प्रजापति | पल्पसा/किरण श्रेष्ठ | रीजा प्रजापति | रिडेन प्रजापति |
| लक्ष्मीकेशरी /काशीलाल प्रजापति | राजेश / रीता प्रजापति | प्रविन/सरुणा प्रजापति | रिशब प्रजापति | आयुश्री श्रेष्ठ |
| लक्ष्मीश्वरी प्रजापति | राधेश्याम/सर्मिला प्रजापति | प्रशान्त प्रजापति | रिहान प्रजापति | शिवान्स प्रजापति |
| कान्छी/विष्णुसुन्दर प्रजापति | राज किरण/रम्बा प्रजापति | रविता/सुजन तुईतुई | आरब प्रजापति | सम्रोद प्रजापति |
| नसलामैयाँ/राम प्रजापति | पवन/सुमित्रा प्रजापति | प्रवेश प्रजापति | रिन्युज प्रजापति | स्वप्निल तुइतुई |
| | प्रमिला/रूजेन प्रजापति | प्रतिमा प्रजापति | निम्रोद प्रजापति | रूविसा प्रजापति |
| | राज्यलक्ष्मी/समन चक्रधर | निमिता प्रजापति | बिबिसा प्रजापति | श्रीनिशा प्रजापति |
| | रामलक्ष्मी/विवेक प्रजापति | अनमोल प्रजापति | प्रतिष्ठा प्रजापति | |

## सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं।

### ४५ दिने मादल बजाउने तालिमसम्बन्धी सूचना

यस उपसमितिको आयोजनामा देहायअनुसारका समय र स्थानमा सञ्चालन हुने **४५ दिने मादल बजाउने तालिममा** सहभागी हुन इच्छुक सदस्य तथा सदस्य परिवारले **चैत ४ गतेभित्र नाम दर्ता** गराउन सूचित गराइन्छ ।

**तालिम**
समय : बेलुका ५:३० बजेदेखि ६:३० बजेसम्म
स्थान : संस्थाको तालिम हल, खँचा
दर्ता शुल्क: रु. ७००।-(सात सय) मात्र

**पुनश्च** : तालिममा बढीमा ३० जनामात्र सहभागी गराउने भएकोले पहिलो आउनेलाई पहिलो प्राथमिकता दिइनेछ ।

**युवा उपसमिति**

### कर्मचारी आवश्यकतासम्बन्धी सूचना

यस संस्थाका लागि आवश्यक कर्मचारी करारमा नियुक्ति गर्नुपर्ने भएकोले योग्य नेपाली नागरिकहरूबाट **मिति २०८० चैत २ गतेभित्र** दर्खास्त आह्वान गरिएको छ ।

**विज्ञापन नं. १**

**पद** : बजार प्रतिनिधि, **सङ्ख्या** : १ (एक), **न्यूनतम शैक्षिक योग्यता** : एस.एल.सी./एस.ई.ई उत्तीर्ण वा सो सरह,परीक्षा : अन्तर्वार्ता, **वान्छनीय योग्यता** : दुईपाङ्ग्रे सवारी चालक अनुमति पत्र भएको, **उमेर** : ४० वर्ष ननाघेको ।

***सम्पर्क मिति : २०८० चैत ४ गते, तलब स्केल : संस्थाको नियमानुसार***

**व्यवस्थापक**

### गतिविधि



जन उत्थान साकोस तिलोतमा १५ कोटिहवा, रुपन्देहीको अध्ययन अवलोकन भ्रमणमा मायाको चिनो दिनुहुँदै संस्थाका अध्यक्ष रुद्रनारायण लाखा । फागुन २७



संस्थाको अध्ययन अवलोकन भ्रमणमा आउनुभएका सफल साकोस, तनहुँका अध्यक्ष शेरकुमर मल्ललाई संस्थाका प्रकाशनहरू हस्तान्तरण गर्दै संस्थाका उपाध्यक्ष विष्णुराम दुमरु । फागुन २७

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'
**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
चोर्चा-७, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com
ACCESS BRONZE

***नेमकिपाका...***

र मल्लकालीन सम्पदा रहेको भक्तपुर एक सम्पदा नगर हो । यहाँको प्राचीन मौलिकता हराउन नदिन भक्तपुर नगरपालिकाले मेहनत गरिरहेको छ । परम्परागत घर निर्माण गर्नेलाई अनुदानको व्यवस्था, डकर्मी, सिकर्मीको तालिम, कला-संस्कृतिको महत्त्वबारे नयाँ पुस्तालाई जानकारी दिन स्थानीय पाठ्यक्रमको व्यवस्था नगरपालिकाले मौलिकता जोगाउने प्रयासका केही उदाहरणहरू हुन् ।"

लेखक प्रा. डा. श्रेष्ठले आफ्नो ४० वर्षदेखिको मेहनतको फलको रूपमा पुस्तक प्रकाशन भएको भन्दै आफ्ना पुराना प्रकाशित लेखहरूमा थप तथ्य र तथ्याङ्कका साथ पुस्तक प्रकाशन गरेको बताउनुभयो ।

पुस्तक विमोचन समारोहका वक्ता विशिष्ट व्यक्तित्वहरूले पुस्तक इतिहास, संस्कृति अनि पुरातत्त्वका विषयमा अध्ययन अनुसन्धान गर्न चाहनेहरूका लागि एउटा दस्ताबेजको रूपमा रहेको बताउनुभयो ।

कार्यक्रममा संस्कृति शिरोमणि हरिराम जोशी, बौद्ध विश्वविद्यालयका पूर्वउपकुलपति प्रा.डा. त्रिरत्न मानन्धर, प्राध्यापक हेमन्तशमशेर राणा, वरिष्ठ साहित्यकार तथा भ्रष्टाचारविरुद्धका अभियन्ता भरतमणि जङ्गम, अर्थविद् निरञ्जनकुमार टिबरेवालालगायतले पुस्तक उपयोगी भएको भनाइ राख्नुभयो ।

कार्यक्रममा प्रकाशित पुस्तकका बारेमा त्रिभुवन विश्वविद्यालय नेपालभाषा केन्द्रीय विभागका प्रमुख राजनलाल ( रास) जोशी र साहित्यकार एवं भाषाविद् सूर्य लाकोजूले समीक्षा गर्नुभएको थियो ।

प्रकाशक संस्था संचित बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष योगेन्द्रबहादुर खर्बुजाको सभापतित्वमा भएको उक्त कार्यक्रममा स्वागत मन्तव्य संस्थाका सल्लाहकार एवं अधिवक्ता गजेन्द्रशङ्कर तिमिला र धन्यवाद संस्थाका अर्को सल्लाहकार विनोदचरण रायले गर्नुभएको थियो ।

लेखक प्रा.डा. श्रेष्ठका यसअघि पनि एक दर्जनभन्दा बढी पुस्तकहरू प्रकाशित भइसकेका छन् ।

सोमबार विमोचित पुस्तकमा एक सय एक वटा लेखहरूको सङ्कलन रहेको छ । पुस्तक एक हजार एक सय ३६ पृष्ठको मोटो छ । पुस्तकको मूल्य पाँच हजार राखिएको छ । पुस्तकको प्रकाशन भक्तपुर इटाछेँस्थित संचित बचत तथा ऋण सहकारी संस्था लिमिटेडले गरेको छ ।

# हार्दिक समवेदना



जन्म
१९९४/१०/०६

निधन
२०८०/११/२३

हाम्रा मिलनसार साथी सत्यराजकी ममतामयी माता **नानीबेटी दुवाल**को दु:खद निधन भएको आज सातौँ दिन(न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

## परिवर्तनशिल समूहका साथीहरू

| | | | | |
|---|---|---|---|---|
| पुण्यराम गोसाई | तीर्थराम फैजु | कृष्णप्रसाद कवां | कृष्णराम कवां | नारायणमान सुवाल |
| पञ्चकाजी भारी | कान्छा कोजु | दयाराम बासी | ज्ञानबहादुर मानन्धर | नारायणप्रसाद बाग |
| सुरेन्द्रप्रसाद प्रजापति | सिद्धिनारां कोजु | राम कुसी | इन्द्र गाईजु | कृष्णप्रसाद खायमली |
| कृष्णकुमार पालुकासी | कृष्णबहादुर गणेजु | विश्वराम कासिछ्वा | रामप्रसाद दुवाल | कृष्णसुन्दर प्रजापति |
| विष्णुप्रसाद त्वायना | सुदर्शन प्रजापति | श्यामकृष्ण कोजु | हेलकुमार दुवाल | राजु सुवाल |
| कृष्णप्रसाद प्रजापति | | | | कृष्णगोपाल राजचल |

प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु★सम्पादक : विष्णुगोपाल कुसी★कार्यालय : कमलविनायक, भक्तपुर★फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७★E-mail: majdurdaily@gmail.com★मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा